**सर्वोच्च अदालत, संवैधानिक इजलास**

**सम्माननीय प्रधान न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ**

**माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा**

**माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई**

**माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल**

**माननीय न्यायाधीश श्री प्रकाश कुमार ढुंगाना**

**आदेश**

**रिट नं. 07३-WC-0०२३**

**विषय: <u>उत्प्रेषणसमेत।</u>**

**निवेदकहरुः**

१. सावित्री प्रसाद तिमल्सेनाको श्रीमती, भोजपुर जिल्ला, भुल्के-४ निवासी कमला राई तिमल्सेना ..........................................................................................1

२. टिकाराज आरणको श्रीमती, रामेछाप जिल्ला, पुरानागाउँ-५ निवासी महेश्वरी आरण ....1

३. चिरञ्जिवीवास गिरीको श्रीमती, धनुषा जिल्ला, सखुवा-६ बस्ने ललिता शर्मा ..............1

४. धनुषा जिल्ला, सखुवा महेन्द्रनगर-३ बस्ने पूर्णिमा कुमारी गिरी ..............................1

५. अमृतबहादुर क्षेत्रीको छोरी, रामेछाप जिल्ला, पुरानागाउँ-९ निवासी सुनिता बोहोरा ......1

६. दिलिप कुमार रोका क्षेत्रीको श्रीमती, ओखलढुङ्गा जिल्ला, रगनी-५ निवासी जमुना रोका..........................................................................................1

७. राजकुमार केसी पौडेलको श्रीमती, रामेछाप जिल्ला, चनखु-३ निवासी शान्ति कुमारी कार्की ..........................................................................................1

८. खड्गबहादुर बस्नेतको छोरी, रामेछाप जिल्ला, कुवुकास्थली-६ निवासी तेजकुमारी

बुढाथोकी ..............................................................................................1

९. खड्गबहादुर बुढाथोकीको श्रीमती, रामेछाप जिल्ला, गेलु-१ निवासी पम्फा बुढाथोकी ....1

१०. बलराम खतिवडाको श्रीमती, दोलखा जिल्ला, बाबरे-८, सिस्नेरी निवासी भिमादेवी खतिवडा.................................................................................................1

**विरूद्‌ध**

**<u>प्रत्यर्थीहरुः</u>**

१. नेपाल सरकार, मन्त्रिपरिषद, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं ................................................................................................1

२. नेपाल सरकार, न्याय कानून तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं...............................................................................................1

३. नेपाल सरकार, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, सिंहदरबार, काठमाडौं .....................1

४. सत्य निरुपण तथा मेलमिलाप आयोग नेपाल, काठमाडौं .......................................1

५. बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग, ललितपुर ..........................................1

**रिट नं. 07३-WC-0०२४**

**विषय: <u>उत्प्रेषणसमेत।</u>**

**<u>निवेदकहरुः</u>**

१. लिखराम थारुको श्रीमती जिल्ला बर्दिया, महम्मदपुर गा.वि.स. वडा नं. ८ भैसाही बस्ने बेलरानी थरुनी ...........................................................................................१

२. जुगराम थारुको श्रीमती बर्दिया जिल्ला, बनियाभार गा.वि.स. वडा नं. ५ जोगीगाउँ बस्ने झरना थारु .............................................................................................१

३. सुरेश वलीको श्रीमती जिल्ला बर्दिया, बनियाभार गा.वि.स. वडा नं. १ जमुनिया बस्ने देवसरा खत्री ........................................................................................१

४. भागीराम चौधरीको श्रीमती, जिल्ला बर्दिया, धधवार गा.वि.स. वडा नं. ८ बेलभार बस्ने पम्फा चौधरी .........................................................................................१

५. प्रभुराम थारुको श्रीमती, जिल्ला बर्दिया, कालिका गा.वि.स. वडा नं. ५ बस्ने कलरानी थरुनी ..................................................................................................१

६. डिलबहादुर खड्काको श्रीमती, जिल्ला बर्दिया, कालिका गा.वि.स. वडा नं. ४ बस्ने लक्ष्मी देवी खड्का ..........................................................................१

७. नारायण प्रसाद सापकोटाको श्रीमती, जिल्ला बर्दिया, कालिका गा.वि.स. वडा नं. ४ बस्ने जुना कुमारी सापकोटा ..........................................................................१

८. प्रेमबहादुर थारुको श्रीमती, जिल्ला बर्दिया, डेउढाकला गा.वि.स. वडा नं. ९ बस्ने प्रेमकुमारी थारु ..........................................................................१

९. दुर्गा प्रसाद थारुको श्रीमती, जिल्ला बर्दिया, खैरीचन्दनपुर गा.वि.स. वडा नं. ६ बस्ने धर्मदस्नी थारुनी ..........................................................................१

१०. रामनारायण थारुको श्रीमती, जिल्ला बर्दिया, महम्मदपुर गा.वि.स. वडा नं. ८ भैसाही बस्ने आशारानी थरुनी ..........................................................................१

११. श्रीराम चौधरीको श्रीमती, जिल्ला बर्दिया, डेउढा कला गा.वि.स. वडा नं. ३ माछागढ बस्ने विनिता थारु ..........................................................................१

१२. रामभरोसे थारुको श्रीमती, जिल्ला बर्दिया, मगरागाडी गा.वि.स. वडा नं. ५ सोनपुर बस्ने सुमतरानी थारु ..........................................................................१

१३. रामप्रसाद चौधरीको श्रीमती, जिल्ला बर्दिया, मगरागाडी गा.वि.स. वडा नं. १ मगरागाडी बस्ने संगिता थारु ..........................................................................१

१४. तेजबहादुर भन्ने कर्णबहादुर चौधरीको श्रीमती, जिल्ला बर्दिया, धधवार गा.वि.स. वडा नं. ८ बेलभार बस्ने लाहानी थरुनी ..........................................................................१

१५. कन्हैयालाल थारुको भाउजु, जिल्ला बर्दिया, धधवार गा.वि.स. वडा नं. ८ बेलभार बस्ने चौरसिया थरुनी ..........................................................................१

१६. सुरेश बहादुर थारुको श्रीमती, जिल्ला बर्दिया, धधवार गा.वि.स. वडा नं. ८ बेलभार बस्ने सुखमानी थारु ..........................................................................१

१७. कालुराम थारुको श्रीमती, जिल्ला बर्दिया, साबिक मनाउ गा.वि.स. वडा नं. २ घर भै हाल ऐ. बनियाभार गा.वि.स. वडा नं. ५ जोगीगाउँ बस्ने सिता थारु ........................१

१८. चक्रबहादुर स्वाँरको श्रीमती, जिल्ला बर्दिया, साबिक सुर्यपटुवा गा.वि.स. वडा नं. ४ घर भै हाल ऐ. गुलरीया नगरपालिका वडा नं. ६ बस्ने लक्ष्मी स्वाँर .............................१

१९. झग्गु प्रसाद थारुको श्रीमती, जिल्ला बर्दिया, धधवार गा.वि.स. वडा नं. ८ बेलभार बस्ने धनकुमारी थरुनी ...................................................................................१

२०. हरीराम चौधरीको श्रीमती, जिल्ला बर्दिया, मगरागाडी गा.वि.स. वडा नं. ५ सोनपुर बस्ने फुलकुमारी थारु ........................................................................................१

२१. राधेश्याम चौधरीको श्रीमती, जिल्ला बर्दिया, धधवार गा.वि.स. वडा नं. ८ बेलभार बस्ने अर्चना चौधरी ......................................................................................१

२२. पुनाराम थारुको श्रीमती, जिल्ला बर्दिया, खैरीचन्दनपुर गा.वि.स. वडा नं. ५ बस्ने महंगी चौधरी ...............................................................................................१

२३. रामप्रसाद चौधरीको छोरी, जिल्ला बर्दिया, बनियाभार गा.वि.स. वडा नं. ८ रामपुर बस्ने कविता कुमारी थारु .....................................................................................१

२४. कविराम धमलाको छोरी, दैलेख जिल्ला, बेलासपुर गा.वि.स. वडा नं. ३ घर भै हाल जिल्ला सुर्खेत, विरेन्द्रनगर नगरपालिका वडा नं. १८ बस्ने शान्ति धमला .................१

२५. खगेन्द्र थापाको श्रीमती जिल्ला सुर्खेत, विधापुर गा.वि.स. वडा नं. १ घर भै हाल ऐ. विरेन्द्रनगर नगरपालिका वडा नं. ३ बस्ने गोमा सापकोटा ....................................१

२६. गंगाराम आचार्यको श्रीमती, जिल्ला सुर्खेत, विरेन्द्रनगर नगरपालिका वडा नं. ४ बस्ने कृष्णकुमारी न्यौपाने ............................................................................१

२७. शेरु शाहीको श्रीमती, जिल्ला कालिकोट, गेला गा.वि.स. घर भै हाल जिल्ला सुर्खेत, विरेन्द्रनगर नगरपालिका वडा नं. ४ मा डेरा गरी बस्ने अमृता शाही .........................१

२८. टेकप्रसाद न्यौपानेको श्रीमती, जिल्ला सुर्खेत, विरेन्द्रनगर नगरपालिका वडा नं. ४ मा बस्ने बालकुमारी न्यौपाने ..........................................................................१

२९. नन्दे थापाको श्रीमती, जिल्ला दैलेख, लालगाडा गा.वि.स. वडा नं. ६ घर भै हाल जिल्ला सुर्खेत, विरेन्द्रनगर नगरपालिका वडा नं. ६ बस्ने कमला थापा ..............................१

३०. हरी प्रसाद जैसीको श्रीमती, जिल्ला दैलेख रानीवन गा.वि.स. वडा नं. ५ घर भै हाल जिल्ला सुर्खेत, विरेन्द्रनगर नगरपालिका वडा नं. ४ मा बस्ने निर्मला आचार्य .............१

३१. गोविन्द जैसीको श्रीमती, जिल्ला कैलाली, मनुवा गा.वि.स. वडा नं. २ घर भै हाल जिल्ला सुर्खेत, विरेन्द्रनगर नगरपालिका वडा नं. ४ मा बस्ने मिना जैशी ...................१

३२. विष्णु के.सी. को श्रीमती, जिल्ला बाँके, कम्दी गा.वि.स. वडा नं. ९ बस्ने सिता देवी के.सी. ..........................................................................................१

३३. चिन्तामणी पाठकको छोरी जिल्ला बर्दिया, सोरहवा गा.वि.स. वडा नं. ७ घर भै हाल जिल्ला बाँके, नेपालगन्ज उपमहानगरपालिका वडा नं. १ धम्बोझी बस्ने सुनिता कुमारी पाठक ..........................................................................................१

३४. रुकुम सिंह कुँवरको श्रीमती, जिल्ला बाँके, नेपालगन्ज उपमहानगरपालिका वडा नं. ५ गणेशपुर बस्ने कमला पन्त कुँवर ..................................................................१

३५. किरण कुमार मल्लको श्रीमती, जिल्ला बाँके, नेपालगन्ज उपमहानगरपालिका वडा नं. ६ फुलटेका बस्ने सकुन्तला मल्ल ...................................................................१

३६. भगौती प्रसाद थारुको छोरी, जिल्ला बाँके, शम्शेरगन्ज गा.वि.स. वडा नं. ४ चन्नहवा बस्ने शर्मिला थारु .............................................................................१

३७. दिलबहादुर थारुको श्रीमती, जिल्ला बाँके, टिटिहिरिया गा.वि.स. वडा नं. २ बस्ने गौरी थरुनी ..........................................................................................१

३८. दिलबहादुर थारुको छोरी, जिल्ला बाँके, टिटिहिरिया गा.वि.स. वडा नं. २ बस्ने विनिता चौधरी.........................................................................................१

३९. पाहाडी थारुको श्रीमती, जिल्ला बाँके, शम्शेरगन्ज गा.वि.स. बड़ा नं. ४ बस्ने इन्दरी थरुनी ..........................................................................................१

४०. बिरबहादुर खड्काको छोरी, जिल्ला दैलेख, बयलपाटा गा.वि.स. वडा नं. ७ घर भै हाल जिल्ला बाँके, कोहलपुर नगरपालिका वडा नं. ११ बस्ने तिलावती खड्का ................१

४१. धन सिंह कामीको श्रीमती, जिल्ला बर्दिया, जमुनि गा.वि.स. वडा नं. ४ घर भै हाल जिल्ला बाँके, कोहलपुर नगरपालिका वडा नं. ११ बस्ने देउसरी कमिनी .................१

४२. भुपेन्द्रराज उप्रेतीको श्रीमती, जिल्ला दोलखा, नाम्दु गा.वि.स. वडा नं. ४ घर भै हाल जिल्ला बाँके, नेपालगन्ज उपमहानगरपालिका वडा नं. १ बस्ने चन्द्रकला उप्रेती .........१

**विरुद्ध**

**प्रत्यर्थीहरुः**

१. नेपाल सरकार, मन्त्रिपरिषद, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं ........................................................................................1

२. नेपाल सरकार, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, सिंहदरबार, काठमाडौं .....................1

३. नेपाल सरकार, न्याय कानून तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं........................................................................................1

४. सत्य निरुपण तथा मेलमिलाप आयोग नेपाल, काठमाडौं .......................................1

५. बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग, ललितपुर ..........................................1

नेपालको संविधानको धारा १३३ तथा १३७ बमोजिम असाधारण अधिकार क्षेत्र अन्तर्गत संवैधानिक दायरीमा दर्ता भएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार रहेको छः-

**तथ्यगत बेहोरा**

१. **रिट नं. ०७३-WC-००२३ को निवेदन बेहोराः**

हामी निवेदकहरु द्वन्दकालमा द्वन्दरत पक्षहरुबाट पीडित बनाइएका व्यक्ति तथा परिवारका सदस्य हौँ। विपक्षी आयोगले तोकेको समयसीमा (मिति २०७३।१।५-2073।4।26) र त्यसपछि पनि उजुरी दर्ता गरी निस्सासमेत प्राप्त गरेका थियौँ। द्वन्द प्रभावित व्यक्ति तथा द्वन्द पीडितका घटना विवरणयुक्त कुल ५८,०५२ थान उजुरी आयोगले Computer Entry गरी Screening गरेको पाइन्छ। विद्रोही पक्षबाट गरिएको चन्दा असुली, शिक्षण पेशाबाट बञ्चित गरिएका, भगौडा भनिएका सेना, प्रहरी, जग्गा जमिन कब्जा गरिएका तर कब्जा प्रमाण नभएका/नदिइएका, बालसैन्य बनाइएका, हिट लिष्टमा राखिएका, मानव ढालको रुपमा प्रयोग गरिएका र माओवादीसँग कार्यगत एकता गरेका किराँत वर्कस पार्टी तथा खम्बुवान राष्ट्रिय मुक्ति मोर्चा (खरामो) बाट पीडित भएका व्यक्तिहरुको उजुरी परेकोमा ऐनको दफा २(ञ) मा व्यवस्थित मापदण्ड अन्तर्गत नपर्ने भनी यसप्रकारका पीडितहरुलाई पनि पीडितको परिभाषाभित्र राखिनुपर्छ भन्ने सरोकारवालाको अनुरोधलाई अस्वीकार गरी त्यस्ता खाले उजुरीहरुलाई तामेलीमा राख्ने र राखिएको जानकारी प्राप्त भएको छ।

विपक्षी आयोगले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिपाल

आयोग ऐन, 2071 को दफा २१ मा उल्लिखित उजुरी तामेलीमा राख्न सक्ने विद्यमान व्यवस्थाको बर्खिलाप हुने गरी बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग नियमावली, 2072 र सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, 2072 को नियम ७ (उजुरी वा जानकारी तामेलीमा राख्ने) र ऐ.ऐ. को नियम १० (प्रारम्भिक छानबिन) को प्रावधान राखेको छ। नियमावलीको नियम ७(१) अन्तर्गत आयोगले उजुरी तामेलीमा राखिसकेपछि ऐ.को नियम १०(१) अन्तर्गत नियम ७(१) ले तामेलीमा राखे बाहेकका अन्य उजुरी वा जानकारीका सम्बन्धमा आयोगले कुनै सदस्य वा ऐन बमोजिम उपसमिति वा कार्यटोली गठन गरी प्रारम्भिक छानबिन गर्ने वा गराउन सक्ने भन्ने व्यवस्था गरेको छ। त्यसैगरी नियम १०(२) अनुसार उपनियम (१) बमोजिम प्रारम्भिक छानबिन गर्ने सदस्य, उपसमिति वा कार्यटोलीले आयोगसमक्ष यथाशक्य छिटो प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख गरेको छ। नियम ७(२) ले नियम १०(२) बमोजिम प्राप्त प्रारम्भिक प्रतिवेदन उपर छलफल गरी आयोगबाट उजुरी वा जानकारी तामेलीमा राख्ने निर्णय भएमा त्यस्तो उजुरी वा जानकारीसमेत तामेलीमा राखिनेछ भन्ने कानूनी व्यवस्था गरेबाट अधिकांश पीडितका उजुरी तामेलीमा राख्ने निश्चित भएकाले उल्लेखित व्यवस्था नै गैरकानूनी एवं त्रुटिपूर्ण छ। नियमावलीको नियम ७(२) र नियम १०(१) एकापसमा बाझिएको छ। उजुरी तामेलीमा राख्ने आधारहरु बमोजिम आयोगको काम कारबाहीलाई सरल र व्यवस्थित बनाउने भनिएका यी विवादास्पद प्रावधानहरु ऐनको दफा २१ मा रहेको आयोगमा प्राप्त भएको उजुरी वा जानकारी सम्बन्धमा छानबिन गर्दा कारबाही चलाउन पर्याप्त आधार नभएमा आयोगले कारण खुलाई त्यस्तो उजुरी तामेलीमा राख्न सक्नेछ भन्ने कानूनी व्यवस्थाको मर्म र भावना विपरीत प्रारम्भिक छानबिन नै नगरी पीडितका उजुरी तामेलीमा राख्ने र सोको लिखित जानकारी पीडितले माग गर्दा पनि नदिनुबाट आयोग स्वेच्छाचारी ढंगले अवैधानिक तवरबाट अघि बढेको प्रष्ट हुन्छ। यस्तो कानूनी व्यवस्थाको अपव्याख्या गरी नियमावलीको नियम ७ बमोजिम आयोगले उजुरी तामेलीमा राख्दा पीडित माथि अन्याय हुन जान्छ। सम्मानित सर्वोच्च अदालतबाट भएको आदेश बमोजिम तामेली मापदण्ड खारेज पछि पनि नियमावलीमा भएको प्रावधानका आधारमा पीडितका उजुरी तामेलीमा जाने निश्चित छ। नियमावलीमा गरिएको यस्तो व्यवस्था ऐनको प्रस्तावना, दफा ३, १३, २१ र ४० साथै द्वन्द पीडितका विषयमा सर्वोच्च अदालतबाट प्रतिपादित

सिद्धान्तसमेतको विपरीत रहेका छ।

निवेदक विनयध्वज चन्द विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेतको रिटमा ऐनको दफा २१ र नियमावलीको नियम ७ को प्रावधान विपरीत आयोगद्वारा जारी उजुरी वा जानकारी तामेलीमा राख्ने सम्बन्धी मापदण्ड, २०७३ लाई मिति २०७३ साल माघ १९ मा सर्वोच्च अदालतले (रिट नं. ०73-WO-०२५७) खारेज गरिदिएको सन्दर्भमा शान्ति प्रक्रियाको मर्म र भावना विपरीत पीडितका उजुरी स्वेच्छाचारी तवरबाट तामेलीमा राख्न मिल्दैन। ऐनको दफा २(ञ)(९) को व्यवस्था बमोजिम सबै खाले द्वन्दपीडितलाई नसमेटिनु नीतिगत विभेद हो।

नियमावलीको ७(१)(ख) अनुसार सशस्त्र द्वन्दसँग असम्बन्धित देखिन आएका उजुरीमा उल्लेखित घटना द्वन्दसँग सम्बन्धित थिए वा थिएनन् भन्ने एकिन गर्न आयोगले स्थलगत अध्ययन र अनुसन्धान गर्नुपर्दछ। शान्ति तथा पुनर्निर्माण मन्त्रालय लगायतमा सूचीकृत नभएका पीडितको पनि अधिकार सुनिश्चित गर्नु आयोगको दायित्व हो। नियमावलीको नियम ७(१)(ग) र (घ) बमोजिम पीडितका उजुरी आयोगको कार्य क्षेत्र भित्र पर्ने वा नपर्ने भन्ने विषय अनुसन्धान पछिको तथ्ययुक्त प्रमाणले प्रमाणित गर्नु पर्दछ भने दर्ता म्याद पछिका उजुरीलाई आयोगले दरपीठ गर्नुपर्नेमा सो गरेको समेत पाइदैन। नियमावलीको नियम ७(ङ) ले भने बमोजिमको पीडितले उजुरीमा तथ्य तथा प्रमाण नै संलग्न गर्नुपर्ने भए आयोगको औचित्य देखिन्न। प्रमाणको भार पीडितलाई दिइनु न्यायसङ्गत छैन। नियमावलीको नियम ७(च) अनुसारको विषय आवश्यक छानबिन पछि आफैँ टुङ्गो लाग्ने देखिन्छ। सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, 2072 मा थप रहेको नियम ७(छ) अनुसार बेनामी उजुरी लिने प्रावधान आफैंमा खोटपूर्ण छ। नियम ७(ज) अनुसार उजुरीको छानबिन पछि मात्र मेलमिलापको विषय तय हुन्छ। हालसम्म यस सम्बन्धी प्रक्रिया अघि बढेको छैन। नियम ७(२) बमोजिम अनुसन्धान अधिकारीको प्रतिवेदन अनुसार उजुरी तामेलीमा राख्ने निर्णय गर्न सक्ने भन्ने व्यवस्था पनि पीडितमैत्री छैन। न्याय माग्न आउनेहरुका निजी गोपनीयता तथा व्यक्तिगत सुरक्षाको प्रत्याभूति विना न्यायले वास्तविक स्वरुप प्राप्त गर्न नसक्ने (नि.नं. ७८८०) भन्ने कानूनी सिद्धान्त, सुमन अधिकारी विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत भएको परमादेश (नि.नं. ९३०३), नेपाल पक्ष राष्ट्र भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६५ को धारा २(३) लगायतका

नजिर र कानून विपरीत आयोगले पीडितका पीडालाई अनदेखा गर्न मिल्दैन। त्यसैगरी आयोगले २,८६४ थान उजुरी मध्ये (क्षेत्राधिकार भन्दा बाहिरका ३१ वटा उजुरी अर्थात सशस्त्र द्वन्दकालको अवधि बाहेकका मात्र) कुल ५०/६० को संख्यामा उजुरी तामेलीमा राखेको छ।

उल्लेखित कारणहरुबाट हामी निवेदकहरुको नेपालको संविधानको धारा १६(१) सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १७ स्वतन्त्रतताको हक, धारा १८ समानताको हक, धारा २० न्याय सम्बन्धी हक, धारा २१ अपराध पीडितको हक, धारा २२ यातना विरुद्धको हक, धारा २५ सम्पत्तिको हक, धारा २७ सूचनाको हक, धारा २८ गोपनीयताको हक, धारा ३१ शिक्षा सम्बन्धी हक, धारा ३३, ३५ र ३७ ले प्रत्याभूत गरेको क्रमशः रोजगारी, स्वास्थ्य र आवासको हक, धारा ३८ र ३९ ले प्रत्याभूत गरेको क्रमशः महिला र बालबालिकाको हक, धारा ४२ सामाजिक न्यायको हक अन्तर्गत उपधारा (५) प्रदत्त "सशस्त्र संघर्षका क्रममा जीवन उत्सर्ग गर्ने, शहिदका परिवार बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्दपीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवं उचित सम्मान सहित शिक्षा स्वास्थ्य रोजगारी, आवास र सामाजिक सुरक्षामा कानूनबमोजिम प्राथमिकताका साथ अवसर पाउने" हक समेतमा गम्भीर आघात पुगेको छ। हामी निवेदकहरुको मौलिक हक संरक्षण र प्रचलन गराई पाउनका लागि बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग नियमावली, 2072 तथा सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, 2072 को नियम ७ र १० मा व्यवस्थित कानूनी व्यवस्था ऐनको दफा २१ सँग बाझिएको हुँदा बदर गरी विपक्षीका नाउँमा उक्त नियमावली अनुसार कुनै पनि कार्य नगर्नु नगराउनु भनी परमादेश लगायतका अन्य जो चाहिने उपयुक्त आज्ञा आदेश जारी गरी पाउँ।

नियमावलीको नियम ८ (तामेलीमा रहेको उजुरी जगाउन सक्ने) को व्यवस्था विवादास्पद छ। कुनै पनि उजुरी वा निवेदन तामेलीमा गएपछि व्युताउने प्रावधान प्रचलनमा छैन। त्यसैले यो प्रावधान समेत ऐनको दफा २१ सँग बाझिएकोले बदरभागी छ, बदर गरी पाउँ।

उजुरी वा जानकारी तामेलीमा राख्ने सम्बन्धी प्रावधानका आधारमा द्वन्दपीडितका उजुरी तामेलीमा राख्ने काम लगायतका सम्पूर्ण प्रक्रिया तत्काल नरोके संक्रमणकालीन न्यायको पर्खाइमा रहेका द्वन्दपीडितहरुलाई अपुरणीय क्षति पुग्ने, सुविधा र सन्तुलनको

सिद्धान्त विपरीत पनि हुने र प्रस्तुत रिट निवेदनको औचित्य पनि समाप्त हुन जाने भएकोले यो निवेदन पत्रको अन्तिम टुङ्गो नलागेसम्म उजुरी तामेली सम्बन्धी कुनै पनि काम कारबाही नगर्नु नगराउनु भनी अन्तरिम आदेश जारी गरी पाउँ भन्नेसमेत बेहोराको रिट निवेदन।

२. **<u>रिट नं. ०७३-WC-००२४ को निवेदन बेहोराः</u>**

हामी निवेदकहरु सशस्त्र द्वन्दकालमा तत्कालीन द्वन्दरत दुवै पक्ष नेपाल कम्युनिष्ट पार्टी (माओवादी) र राज्यका सुरक्षा निकायको कारबाहीबाट पीडित बनाइएका व्यक्ति तथा परिवारका सदस्य हौ। मिति २०७२ चैतमा दुवै आयोगले विगतको सशस्त्र द्वन्दका क्रममा भएका मानव अधिकारको उल्लङ्घन तथा ज्यादतीका सम्बन्धमा उजुरी आव्हान गरेका थिए। सोही सूचनानुसार हामी निवेदकहरुले सशस्त्र द्वन्दका क्रममा भएका सबैखाले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीसँग सम्बन्धित उजुरी आयोगहरु समक्ष दर्ता गरेका छौँ। हाल ५८,०५२ उजुरी सत्य निरुपण तथा मेलमिलाप आयोगमा र २,८६४ उजुरीहरु बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा दर्ता भएका छन्।

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग नियमावली, 2072 र सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, 2072 को नियम ७ ले गरेको "*उजुरी वा जानकारी तामेलीमा राख्ने* " सम्बन्धमा गरिएको कानूनी व्यवस्था बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ तथा संविधान, अन्तर्राष्ट्रिय मानव अधिकार एवं मानवीय कानून तथा सर्वोच्च अदालतद्वारा स्थापित कानूनी सिद्धान्तसमेतको प्रतिकुल रहेका छन्।

दुवै नियमावलीको नियम ७(१) को व्यवस्थाले आयोगहरु आफू समक्ष प्राप्त कुनै पनि उजुरी वा जानकारीहरुलाई तामेलीमा राख्न स्वतन्त्र देखिन्छन्। जबकी ऐनको दफा २१ ले आयोगमा प्राप्त उजुरी वा जानकारी सम्बन्धमा छानबिन गर्दा कारबाही चलाउन प्रयाप्त आधार नभएमा आयोगले कारण खुलाई त्यस्तो उजुरी तामेलीमा राख्न सक्ने भन्ने व्यवस्थासम्म छ। ऐनको दफा २१ को उक्त व्यवस्थाले आयोगसमक्ष प्राप्त प्रत्येक उजुरी वा जानकारीको छानबिन गर्नु अनिवार्य हुन्छ। तर नियमावलीहरुको कानूनी व्यवस्थामा आयोगहरुलाई कुनै पनि उजुरी वा जानकारीका सम्बन्धमा कारबाही चलाउन आवश्यक छैन भन्ने लागेको अवस्थामा मात्र पनि त्यस्ता उजुरी वा जानकारीहरु तामेलीमा राख्न सकिने गरी कानूनी आधार खडा गरिएको छ। यसबाट नियमावलीहरुको नियम

७(१) को व्यवस्था ऐनको दफा २१ को व्यवस्थासँग बाझिएको देखिन्छ।

नियमावलीहरुको नियम ७ को उपनियम २ ले उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसन्धान अधिकारीले नियम १० को उपनियम (२) बमोजिम आयोगसमक्ष दिएको प्रारम्भिक प्रतिवेदन उपर छलफल गरी आयोगबाट उजुरी वा जानकारी तामेलीमा राख्ने निर्णय भएमा त्यस्तो उजुरी वा जानकारीसमेत तामेलीमा राखिनेछ भन्ने व्यवस्था गरेको छ। यो व्यवस्थाले नियमावलीहरुको नियम ७(१) मा तोकिएको आधारहरु भन्दा बाहिर रहेर पनि केवल प्रारम्भिक छानबिन प्रतिवेदनको आधारमा उजुरीहरु तामेलीमा राख्ने निर्णय गर्न सक्ने गरी आयोगहरुलाई असिमित अधिकार दिएको छ।

नियमावलीहरुको नियम १० को उपनियम (१) ले आयोगमा दर्ता भएको तथा नियम ७ बमोजिम तामेलीमा राखिए बाहेकका अन्य उजुरी वा जानकारीका सम्बन्धमा मात्र आयोगले कुनै सदस्य वा ऐन बमोजिम उपसमिति वा कार्यटोली गठन गरी प्रारम्भिक छानबिन गर्न वा गराउन सक्ने व्यवस्था गरेको छ। नियम १० को उपनियम (१) मा उल्लेखित नियम ७ बमोजिम तामेली राखिएदेखि बाहेकका अन्य उजुरी वा जानकारीका सम्बन्धमा मात्र प्रारम्भिक छानबिन गर्ने वा गराउन सक्ने भन्ने व्यवस्थाले नियम ७ को उपनियम (२) र नियम १०(१) एकापसमा बाझिई थप अन्यौलता श्रृजना गरेको छ।

नियमावलीहरुको नियम ७ को व्यवस्थाले हामी निवेदक लगायत सशस्त्र द्वन्दका क्रममा भएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका पीडितहरुको नेपालको संविधानको धारा १६ ले प्रत्याभूत  गरेको व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १८ द्वारा प्रदत्त कानूनको दृष्टिमा सबै समान हुने र कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित गरिने छैन भन्ने हक, धारा २० ले प्रत्याभूत गरेको न्याय सम्बन्धी हक, धारा २१ द्वारा प्रदत्त अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने, कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक, त्यसैगरी धारा २२ ले प्रत्याभूत गरेको यातना विरुद्धको हक, धारा २५ ले प्रत्याभूत  गरेको सम्पत्तिको हक, धारा २७ र २८ ले प्रत्याभूत गरेको क्रमशः सूचना र गोपनियताको हक, धारा ३३, ३५ र ३७ ले प्रत्याभूत  गरेको क्रमशः रोजगारी, स्वास्थ्य र आवासको हक, धारा ३८ र ३९ ले प्रत्याभूत  गरेको क्रमशः महिला र बालबालिकाको हक, धारा ४२(५) द्वारा प्रदत्त सशस्व संर्घषका क्रममा जीवन उत्सर्ग

गर्ने, शहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्दपीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवं उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र समाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हक लगायतका संवैधानिक हक तथा ऐनको दफा ३ र १३ एवं नेपाल पक्ष राष्ट्र भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा २ को उपधारा ३ द्वारा प्रदत्त प्रभावकारी उपचारको हक एवं संक्रमणकालीन न्यायका सम्बन्धमा यस सम्मानित अदालतबाट राजेन्द्र ढकाल विरुद्ध नेपाल सरकार, गृह मन्त्रालयसमेत भएको बन्दीप्रत्यक्षीकरण निवेदन (नि.नं. ७८१७), सुमन अधिकारी विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत भएको उत्प्रेषण परमादेश (नि.नं. ९३०३) लगायतका मुद्दामा प्रतिपादित सिद्धान्तद्वारा स्थापित अधिकारमा समेत गम्भीर आघात पुग्न गएको छ।

उल्लेखित दुवै नियमावलीहरुको नियम ७(१) को प्रथम दृष्टिमा तथ्य तथा प्रमाणको अभाव देखिएको वा अस्पष्ट उजुरी भन्ने लगायतको सम्पूर्ण कानूनी व्यवस्थाले छानबिन अनुसन्धान नै नगरी पीडितहरुद्वारा आयोगमा दर्ता गराएको कुनै पनि उजुरी तामेलीमा राख्न सक्ने गरी आयोगहरुलाई प्रदान गरिएको अनियन्त्रित एवं तजविजी अधिकार ऐनको दफा २१ को साथै प्रस्तावना लगायत दफा ३, १३ र ४० को कानूनी व्यवस्था तथा संविधानको धारा १६, १८, २०, २१, २२, २५, २७, २८, ३३, ३५, ३७, ३८, ३९ र ४२(५) द्वारा प्रत्याभूत मौलिक हकसमेतको प्रतिकुल भएकोले नियमावलीहरुको उक्त व्यवस्थालाई उत्प्रेषणको आदेशद्वारा बदर गरी आयोगहरु समक्ष जुनसुकै स्रोतबाट प्राप्त भएको उजुरी वा जानकारी उपर प्रभावकारी छानबिन अनुसन्धानको सुनिश्चितता गरी निवेदक लगायतका पीडितहरुको प्रभावकारी उपचारको अधिकार प्रत्याभूत गर्नु गराउनु भनी विपक्षीहरुका नाउँमा उपयुक्त आदेश जारी गरी पाउँ।

त्यसैगरी नियमावलीहरुको नियम ७(२) र नियम १० को उपनियम (१) को व्यवस्था एकापसमा बाझिनुका साथै थप अन्यौलता सृजना गरेकोले नियमावलीहरुको नियम ७(२) मा रहेको "*उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि* " भन्ने पदावलीलाई उत्प्रेषणको आदेशद्वारा अमान्य बदर घोषित गरी "*प्रारम्भिक प्रतिवेदन*" भन्ने पदावलीको बीचमा "छानबिन-अनुसन्धान" भन्ने पदावली थप गर्न र उपनियम २(क) थप गरी "आयोगमा प्राप्त भएका उजुरी वा जानकारी सम्बन्धमा पेश भएको प्रारम्भिक अनुसन्धान

प्रतिवेदनका आधारमा त्यस्तो उजुरी वा जानकारी तामेलीमा राख्ने निर्णय भएको अवस्थामा समेत आयोगले त्यस्तो उजुरी र सोमा भएको प्रारम्भिक अनुसन्धानका बारेमा आफ्नो प्रतिवेदनमा उल्लेख गर्नेछ" भन्ने व्यवस्था थप गरी नियमावलीहरुमा आवश्यक संशोधन पुनरावलोकन गर्नु, गर्न लगाउनु भनी विपक्षीहरुका नाउँमा निर्देशनात्मक आदेश जारी गरी पाउँ।

नियमावलीहरुको नियम १० को उपनियम (१) मा आयोगमा दर्ता भएको तथा नियम ७ बमोजिम तामेलीमा राखिए बाहेकका अन्य उजुरी वा जानकारीका सम्बन्धमा आयोगले कुनै सदस्य वा ऐन बमोजिम उपसमिति वा कार्यटोली गठन गरी प्रारम्भिक छानबिन गर्न वा गराउन सक्नेछ भन्ने व्यवस्था रहेको तथा "नियम ७ बमोजिम तामेलीमा राखिए बाहेकका अन्य" भन्ने पदावलीलाई हटाउदा सशस्त्र द्वन्दका क्रमका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीसँग सम्बन्धित आयोगसमक्ष पेश भएका उजुरी तथा जानकारीहरु उपरको छानबिन अनुसन्धान हुनुपर्ने कुरालाई सुनिश्चितता प्रदान गर्ने भएकाले उक्त "तथा नियम ७ बमोजिम तामेलीमा राखिए बाहेकका अन्य" पदावलीलाई उत्प्रेषणको आदेशद्वारा अमान्य बदर घोषित गरी पाउँ।

प्रस्तुत विषय मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका पीडितहरुको सत्य, न्याय र परिपूरण समेतको प्रभावकारी उपचारको अधिकार समाप्त नहोस् भन्ने कुराको सुनिश्चितताको लागि विवादित नियमावलीहरुको नियम ७(१) र (२) मा भएको उजुरी वा जानकारी तामेलीमा राख्ने सम्बन्धी व्यवस्था प्रस्तुत रिटको अन्तिम किनारा नहुँदासम्म कार्यान्वयन नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम सम्बन्धित विपक्षीहरुका नाउँमा अन्तरिम आदेश जारी गरी पाउँ भन्नेसमेत बेहोराको रिट निवदन।

३. **<u>यस अदालतबाट भएको कारण देखाउ आदेशः</u>**

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको आधार, कारण भए सोसमेत साथै राखी यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक ७ दिनभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरुका नाममा सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नु भन्नेसमेत बेहोराको यस अदालतबाट भएको

मिति 2074।8।27 (073-WC-0023) र मिति 2074।8।29 (073-WC-002४) को आदेश।

४. **<u>सत्य निरुपण तथा मेलमिलाप आयोगको लिखित जवाफ:</u>**

बेपत्ता पारिएको व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, 2071 को दफा 21 मा उजुरी तामेलीमा राख्ने व्यवस्था भएकोमा उक्त दफा २१ को अस्तित्वलाई निवेदकले चुनौती नदिई स्वीकार नै गरेको देखिन्छ। निवेदकसमेतले उजुरी वा जानकारी तामेलीमा राख्ने व्यवस्थाको वैधानिक अस्तित्व स्वीकार गरी उक्त दफालाई अन्यथा भनी बदर गर्न माग नगरेको स्थितिमा उजुरी तामेली राख्ने व्यवस्था कानून तथा संविधानसम्मत् रहेको स्वयं निवेदकहरुको निवेदन कथनबाट प्रष्ट छ। दफा २१ ले उजुरी वा जानकारी सम्बन्धमा छानबिन गर्दा कारबाही चलाउन पर्याप्त आधार नभएका उजुरी वा जानकारी आयोगले तामेलीमा राख्ने व्यवस्था गरेको अवस्था छ। कारबाही गर्नुपर्ने विषयमा आयोगमा पछि प्रमाण प्राप्त भएमा आयोगले तामेली रहेको उजुरी उपर छानबिन गर्न सक्छ। अतः तामेली राख्ने दफा २१ को व्यवस्था न्यायोचित नै देखिन्छ।

सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, 2072 को नियम ७ ले ऐनको दफा २१ को विपरीत व्यवस्थासमेत गरेको अवस्था छैन। नियम ७ मा दफा २१ मा व्यवस्था भए अनुसार कारबाही चलाउन पर्याप्त आधार नभएका उजुरी के-के हुन् भन्ने उल्लेखसम्म भएको अवस्था छ। नियम ७ ले ऐनको दफा २१ लाई नियन्त्रण (Limit)समेत गर्दैन भने उक्त ऐनको दफा २१ को आशय (Intent) विपरीत व्यवस्थासमेत नियम ७ मा रहेको छैन। आयोगलाई नियमित उजुरी छानबिन गर्ने अधिकार दिएको नभई केवल सशस्त्र द्वन्दको अवधिमा घटेको सम्बन्धित घटनाको छानबिन गर्ने मात्र अधिकार दिएको कुरा ऐनको प्रस्तावना र दफा २(ञ) र २(ण) को व्यवस्थाले स्पष्ट गर्दछ। ऐनको दफा 2(ज) र (ण) सँग अन्तर सम्बन्धित घटनालाई आयोगले छानबिन गर्ने तथ्य स्पष्ट नै छ।

अतः निवेदकले नियम ७ र १० के-कसरी ऐनको दफा २१ र संविधानसमेतसँग बाझिएको छ स्पष्ट गर्न सकेको नदेखिएको, निवेदकको मौलिक हकमा उक्त व्यवस्थाले कुनै प्रतिकुल असर पारेको अवस्था नभएको, सशस्त्र द्वन्दसँग असम्बन्धित विषयको उजुरी छानबिन हुने व्यवस्था हुनुपर्छ भनी आएको देखिँदा निवेदन खारेज गरी पाउँ। निवेदकले निवेदनमा उल्लेख गरे जस्तो गरी हालसम्म आयोगबाट उजुरी तामेली राख्ने गरी कुनै निर्णय भएको छैन। आजको मितिसम्म कुनै पनि उजुरी तामेलीमा राखिएको

छैन। ऐन कानूनले निर्दिष्ट गरेका उजुरी वा जानकारी कानूनको प्रक्रिया पुऱ्याई छानबिन गर्ने कार्य भइरहेको र हुने भन्नेसमेत सत्य निरुपण तथा मेलमिलाप आयोगको एकै मिलान बेहोराको छुट्टाछुट्टै लिखित जवाफ।

५. **<u>बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको लिखित जवाफः</u>**

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, 2071 को दफा २ को देहाय (ञ) र (ट) तथा दफा १३(५) को व्यवस्था अनुसार यस आयोगले सशस्त्र द्वन्दको क्रममा निःशस्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध लक्षित गरी वा योजनाबद्व रुपमा गरिएको व्यक्ति बेपत्ता पार्ने कार्य घटनाको उजुरी उपर छानबिन गर्ने कानूनी व्यवस्था रहेको छ। आयोगले ऐन, नियम र निर्देशिकाले तय गरे बमोजिम आयोगमा प्राप्त भएको उजुरीमा प्रारम्भिक कारबाही, प्रारम्भिक छानबिन र विस्तृत छानबिन गरी तीन चरणमा छानबिन कार्यलाई अगाडि बढाउँछ।

प्रारम्भिक छानबिन गर्दा प्राप्त उजुरी अनुसारको घटना सशस्त्र द्वन्दसँग सम्बन्धित नदेखिएका, घटना सशस्त्र द्वन्दको अवधिमा घटित भएको नदेखिएको, बेपत्ता भनिएका व्यक्ति सम्पर्कमा आई उजुरी फिर्ता लिन पाऊँ भनी दिएको निवेदनसमेतका आधारमा तामेलीमा राखिएको उजुरी संख्या हालसम्म २७१ थान रहेको छ।

आयोगले कानूनसम्मत् ढंगबाट ऐन, नियम, संक्रमणकालीन न्यायका आदर्श, मूल्य र मान्यता बमोजिम कानूनको परिधिभित्र रही आयोगमा प्राप्त उजुरीहरु उपर छानबिन गर्दा केही उजुरीहरुमा पर्याप्त आधार र कारण नभएका र आयोगको क्षेत्राधिकार, सशस्त्र द्वन्द अवधि र क्रममा घटित भएको नदेखिएको जस्ता आधारमा ऐनको दफा २१ तथा नियमावलीको नियम ७ बमोजिम तामेलीमा राखिएका छन्।

तामेलीमा रहेका उजुरीमा पछि प्रमाण प्राप्त भएमा जगाई कारबाही अगाडि बढाउन सकिने कानूनी व्यवस्था नियमावलीको नियम ८ मा रहेको छ। ऐनको दफा २१ बमोजिम उजुरी तथा जानकारीलाई तामेलीमा राख्दा खुलाउनु पर्ने आधार र कारणहरु नियमावलीको नियम ७(१) मा उल्लेख गरिएका छन्। ऐनको दफा २१ मा गरिएको व्यवस्था अझ व्यवस्थित र सहज रूपमा कार्यान्वयन हुन सकोस् भनी नियमावलीको नियम ७, ८ र १० मा विस्तृत व्यवस्था गरिएका यी प्रावधान न ऐनको दफा २१ सँग असङ्गत छन् न त एकआपसमा बाझिएका नै छन्। ऐनले तोकिएको व्यवस्थाको परिधि/ सीमा भित्र नै रही बनेको नियमावलीको नियम ७, ८ र १० को व्यवस्था ऐन एवं कानूनसम्मत् हुँदा

उक्त प्रावधान ऐन, नियम एवं सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसँग बाझिएको भनी बदर गरी पाउँ भन्ने रिट निवेदकको मागदावी खारेज गरी पाउँ भन्नेसमेत बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको एकै मिलान बेहोराको छुट्टाछुट्टै लिखित जवाफ।

६. **<u>शान्ति तथा पुनर्निर्माण मन्त्रालयको लिखित जवाफ:</u>**

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ तथा ऐन बमोजिम सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ समेत तर्जुमा भै कार्यान्वयनमा रहेको; सो बमोजिमका आयोगहरु गठन भएको; आयोगको काम कारबाहीका सम्बन्धमा आवश्यक कार्यविधि, मापदण्ड बनाउन सक्ने अधिकार दुवै आयोगलाई भएको हुँदा आयोग(हरु)बाट हुने काम कारबाहीमा यस मन्त्रालयको कुनै संलग्नता नरहने अवस्थामा यस मन्त्रालयलाई विपक्षी बनाउनुपर्ने कुनै आधार र कारण नभएको हुँदा यस मन्त्रालयलाई विपक्षी बनाई दायर गरेको प्रस्तुत रिट निवेदन खारेजभागी हुँदा खारेज गरी पाउँ भन्नेसमेत एकै मिलान बेहोराको नेपाल सरकार, शान्ति तथा पुनर्निर्माण मन्त्रालयको छुट्टाछुट्टै लिखित जवाफ।

७. **<u>कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको लिखित जवाफ:</u>**

बेपत्ता पारिएको व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २१ मा आयोगमा प्राप्त भएको उजुरी वा जानकारी सम्बन्धमा छानबिन गर्दा कारबाही चलाउन पर्याप्त आधार नभएमा आयोगले कारण खुलाई त्यस्तो उजुरी तामेलीमा राख्न सक्ने व्यवस्था गर्नुको साथै त्यस्तो उजुरीको सम्बन्धमा कारबाही गर्नुपर्ने विषयमा पछि प्रमाण प्राप्त भएमा आयोगले सो उजुरी उपर छानबिन गर्न सक्ने व्यवस्था रहेको छ। उपरोक्त कानूनी व्यवस्थालाई थप स्पष्ट र पारदर्शी बनाउनको लागि नियमावलीमा उजुरी वा जानकारी तामेलीमा राख्ने व्यवस्था गरिएको हो।

आयोगले उजुरी तामेली हचुवाको आधारमा गर्ने नभई निश्चित आधारमा मात्र गर्न सक्ने व्यवस्था नियमावलीमा गरिएको एवं रित नपुगेका उजुरीको छानबिन गर्न व्यवहारिकसमेत नहुने भएबाट उजुरी तामेली राख्ने सम्बन्धी व्यवस्था ऐनअनुसार नै भएकोले निवेदन जिकिर निरर्थक छ। नियमावलीको नियम १० मा भएको प्रारम्भिक छानबिन सम्बन्धी व्यवस्था खारेज गरी पाउँ भन्ने निवेदन जिकिर सम्बन्धमा कुनै पनि उजुरीलाई टुङ्गोमा पुर्‍याउने कार्यलाई सहज गर्नको लागि उजुरीको प्रारम्भिक र विस्तृत छानबिन गर्ने व्यवस्था गरिएको र के कति कारणबाट उक्त व्यवस्था नेपालको संविधान

तथा ऐनसँग बाझिएको रिट निवेदनमा स्पष्ट नभएबाट निवेदन जिकिर कानूनसम्मत् देखिँदैन भन्नेसमेत कानून न्याय तथा संसदीय मामिला मन्त्रालयको एकै मिलान बेहोराको छुट्टाछुट्टै लिखित जवाफ।

८. **<u>मन्त्रिपरिषद र प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको लिखित जवाफः</u>**

बेपत्ता भएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २१ मा आयोगमा प्राप्त भएको उजुरी वा जानकारी सम्बन्धमा छानबिन गर्दा कारबाही चलाउन पर्याप्त आधार नभएमा आयोगले कारण खुलाई त्यस्तो उजुरी तामेलीमा राख्न सक्ने तर त्यस्तो उजुरीको सम्बन्धमा कारबाही गर्नुपर्ने विषयमा पछि प्रमाण भएमा आयोगले सो उजुरी उपर छानबिन गर्न सक्नेछ भन्ने व्यवस्था छ। त्यस्तैगरी सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग नियमावली, २०७२ को नियम ७ मा उजुरी वा जानकारी तामेलीमा राख्ने सम्बन्धी व्यवस्था गरी सोको उपनियम (१) र (२) ले तामेलीमा राख्ने अवस्था र नियम १० ले उजुरीको प्रारम्भिक छानबिन सम्बन्धी व्यवस्था गरेको छ। बेपत्ता भएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २१ उक्त कानूनी व्यवस्थालाई थप व्यवस्थित गराउन सम्बन्धमा नियमावलीमा व्यवस्था गरिएको हुँदा बदर हुनुपर्ने होइन भन्नेसमेत एकै मिलान बेहोराको नेपाल सरकार, मन्त्रिपरिषद तथा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको लिखित जवाफ।

९. **<u>यस अदालतको आदेशः</u>**

यसमा रिट निवेदकहरुको द्वन्दकालमा विभिन्न सन्दर्भमा पीडित भएको भनी सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा उजुरी निवेदन दिएको भन्ने देखिन आयो। रिट निवेदकहरुले कहिले कुन मितिमा उजुरी दर्ता गरेको हो? निवेदकहरुबाट कागज गराई उजुरी गरेको दर्ता नं. र मिति समेतका विवरण खुलाई सो बमोजिमको विवरण सम्बन्धित आयोगमा पठाई उक्त उजुरीहरु सम्बन्धमा के कारबाही भएको छ? विवरण स्पष्ट खुलाई जवाफ प्राप्त भएपछि नियमबमोजिम पेस गर्नु भन्नेसमेत बेहोराको यस अदालतको मिति 2078।12।23 को आदेश।

१०. **<u>सत्य निरुपण तथा मेलमिलाप आयोगको जवाफः</u>**

निवेदकहरु मध्ये सुनिता बोहरा, बलराम खतिवडा/भिमादेवी खतिवडा, कमला तिमिल्सिना राई, महेश्वरी आरण र तेज कुमारी बुढाथोकी/कल्याण बुढाथोकीसमेतले यस

आयोगमा दिनु भएको उजुरी दर्ता भएको तर सो उपर अन्य काम कारबाही अगाडि बढेको अवस्था देखिदैन। निवेदकहरु मध्ये ललिता शर्मा/चिरञ्जिविवास गिरी, पम्फा बुढाथोकी र शान्ति कुमारी कार्कीसमेतले दिनु भएको उजुरी दर्ता भई सो उपर पीडित/उजुरकर्ताले यस आयोग समक्ष बकपत्रसमेत गरी परिपूरण फाराम र सुविधा तथा सहुलियतको निवेदन भर्नेसम्मको कार्य सम्पन्न भएको देखिन्छ। निवेदक मध्ये जमुना रोक्काको सन्दर्भमा उजुरी दर्ता भई सो उपर पीडित/उजुरकर्ताले मुकाम कार्यालय ललितपुर समक्ष बकपत्र कागज गरी मुकाम कार्यालय ललितपुर तथा सत्य निरुपण तथा मेलमिलाप आयोगबाट विस्तृत छानबिनको लागि सिफारिस गर्ने निर्णय भई पीडितबाट परिपूरण फाराम भर्नेसम्मको कार्य सम्पन्न भएको देखिन्छ। साथै निवेदक पुर्णिमाकुमारी गिरीको सन्दर्भमा यस आयोगको अभिलेखमा मिसिल तत्काल फेला नपरेकोले उक्त मिसिल खोजी कार्य जारी रहेको बेहोरा आदेशानुसार अनुरोध छ भन्नेसमेत बेहोरा खुलाई रिट नं. 073-WC-0023 मा सत्य निरुपण तथा मेलमिलाप आयोगले पठाएको च.नं. १०४ मिति 2079।4।8 को पत्र मिसिल सामेल रहेको।

निवेदकहरु मध्ये बालकुमारी न्यौपाने, गोमा सापकोटा, भागिराम चौधरी, सुखमानी थारु, आशारानी थारु, जंगविर थारु र राधेश्याम चौधरीसमेतले यस आयोगमा दिनु भएको उजुरी दर्तासम्म भएको सो बाहेक उक्त उजुरीहरु उपर अन्य कुनै पनि काम कारबाही अगाडि बढेको अवस्था नदेखिएको; निवेदकहरु मध्ये परिवर्तित नाम १६५-५-क ले दिनु भएको उजुरी दर्ता भई पीडित/उजुरकर्तालाई आयोगको मुकाम कार्यालय सुर्खेतसमक्ष उपस्थित गराई बकपत्र गराउने सम्मको कार्य सम्पन्न भएको; निवेदकहरु मध्ये परिवर्तित नाम ४१-२-क को उजुरी दर्ता भई पीडित/उजुरकर्तालाई आयोगको मुकाम कार्यालय सुर्खेतसमक्ष उपस्थित गराई बकपत्र कागज गरी/गराई सो उजुरी उपर यस आयोगबाट विस्तृत छानबिनको लागि सिफारिस गर्ने निर्णय भई पीडितबाट परिपूरण फाराम भर्ने सम्मको कार्य सम्पन्न भएको; अन्य उजुरकर्ताहरु बेलरानी थारु, देवीसरा खत्री, पम्फा चौधरी, लक्ष्मी देवी खड्का, जुना कुमारी सापकोटा, प्रेम कुमारी थारु, विनिता थारु, सुमतरानी थारु, संगिता थारु, फुलकुमारी थारु, अर्चना चौधरी, कमला पन्त कुवँर, गौरी थारु, सकुन्तला राणा(मल्ल) र चन्द्रकला उप्रेतीसमेतका उजुरीहरु यस आयोगको क्षेत्राधिकार भित्र नपरी बेपत्ता पारिएको व्यक्तिको छानबिन आयोगको क्षेत्राधिकारमा पर्ने भन्नेसमेत बेहोरा खुलाई रिट नं. 073-WC-0024 मा सत्य निरुपण तथा मेलमिलाप

आयोगले पठाएको च.नं. १38 मिति 2079।5।9 को पत्र मिसिल सामेल रहेको।

११. **<u>बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको जवाफ:</u>**

बेलरानी थारु, प्रेम कुमारी थारु, विनिता थारु, सुमतरानी थारु, संगिता थारु र फुलकुमारी थारुले दश लाख रुपैयाँ राहत र पीडित परिचयपत्र प्राप्त गरेको; देवीसरा खत्री, जुना कुमारी सापकोटा र सकुन्तला राणा (मल्ल)ले दश लाख रुपैयाँ राहत प्राप्त गरेको; पम्फा चौधरी, अर्चना चौधरी र कमला पन्त कुँवरको उजुरी दर्ता भएको भन्ने आयोगको अभिलेखबाट नदेखिएको; लक्ष्मी देवी खड्काको उजुरी सत्य निरुपण तथा मेलमिलाप आयोगमा पठाइएको; आयोगको अभिलेखानुसार बाँके जिल्लामा उजुरीकर्ता गौरी थारू नदेखिएको तर बर्दिया जिल्लामा सोही नाम थर मिल्ने २ थान उजुरी दर्ता भई उजुरीकर्ताले दश लाख रुपैयाँ राहत र पीडित परिचयपत्र प्राप्त गरेको; र आयोगको अभिलेखानुसार नाम, थर र जिल्लाका आधारमा 2,654 मा दर्ता रहेको उजुरीकर्ता चन्द्रकला उप्रेतीले दश लाख रुपैयाँ राहत प्राप्त गरेको भन्नेसमेत बेहोरा खुलाई रिट नं. 073-WC-0024 मा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले पठाएको च.नं. 254 मिति 2079।10।5 को पत्र मिसिल सामेल रहेको।

## <u>यस अदालतको आदेश</u>

१२. नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदक तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरू श्री दिनेश त्रिपाठी र श्री रबिनारायण खनाल एवं विद्वान अधिवक्ताहरू श्री ज्ञानेन्द्रराज आरण, श्री शान्तिदेवी खनाल, डा.श्री शिवकुमार यादव र श्री त्रिलोक बहादुर चन्दले बहस प्रस्तुत गर्दै यस अदालबाट प्रत्यर्थी सत्य निरुपण तथा मेलमिलाप आयोगले उजुरी तामेलीमा राख्ने सम्बन्धमा बनाएको मापदण्ड खारेज गरी तामेलीमा राखिएका निवेदन तथा उजुरी सम्बन्धमा आवश्यक निर्णय गर्नु भनी परमादेश जारी भैसकेको छ। सोही आदेशमा ऐन र नियमावलीमा भएको व्यवस्था अनुसार जो जे बुझ्नु पर्ने हो बुझी छानबिन गरी गराई निर्णय गर्न भनिएकोमा प्रत्यर्थी आयोगले कानूनी व्यवस्थाको अपव्याख्या गरी नियमावलीको नियम ७ बमोजिम उजुरी तामेलीमा राख्दा पीडितहरू उपर अन्याय हुन जाने अवस्था छ। मापदण्ड खारेज भएपछि पनि नियमावालीका प्रावधान अनुसार उजुरी तामेलीमा जाने अवस्था रहेकाले नियमावलीको नियम ७ तथा १० समेत बदर हुनु पर्ने अवस्था छ। नियम ७(२) र १०(२) को व्यवस्थाले प्रारम्भिक प्रतिवेदनको आधारमा

आयोगबाट उजुरी तामेलीमा राख्ने भन्ने विषयले अधिकांश पीडितको उजुरी तामेलीमा जाने निश्चित छ। उक्त व्यवस्था ऐनको दफा २१ को मर्म र भावना प्रतिकुल रही आयोगले प्रारम्भिक छानबिन नै नगरी तामेलीमा राखिने भएकाले यस अदालतले विभिन्न मुद्दामा जारी गरेका आदेश समेतलाई विचार गरी पीडितहरूको मौलिक हकको संरक्षणको लागि बेपत्ता पारिएको व्यक्तिको छानबिन आयोग नियमावली, २०७२ तथा सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ को नियम ७ र १० लाई बदर घोषित गरी आवश्यक संशोधनसमेत गर्नु भनी उचित आदेशसमेत जारी गरी पाउँ भन्नेसमेत बहस गर्नुभयो।

१३. प्रत्यर्थी आयोग समेतको तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री हरिप्रसाद जोशीले रिट निवेदनमा बेपत्ता पारिएका व्यक्तिको छानबिन सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २१ ले उजुरी तामेलीमा राख्न सक्ने व्यवस्थालाई निवेदकहरूले चुनौति दिएको अवस्था छैन। यस अदालतबाट यस विषयमा विभिन्न रिट निवेदनमा भएका आदेश तथा ऐन र नियमावलीको व्यवस्थाले समेत आयोगले जुनसुकै विषय र जुनसुकै अवधिको घटनाको छानबिन गर्न सक्ने अवस्था छैन। आयोगको आफ्नो अधिकारक्षेत्र भित्र नपरेका उजुरीसम्म तामेलीमा राख्ने हो। यस अदालतबाट विनयध्वज चन्दको रिट निवेदनमा ऐन र नियमावलीको व्यवस्था बमोजिम उजुरी र निवेदन उपर छानबिन गर्न आदेश भएको हो। नियमावलीको नियम ७ र १० को व्यवस्था ऐनको दफा २१ को प्रतिकुल नभई सो व्यवस्था अझ प्रष्ट बनाएको र आयोगले आफू समक्ष परेको निवेदन उजुरी वा जानकारीलाई प्रारम्भिक छानबिन पछि विस्तृत रुपमा छानबिन गर्ने हुँदा सो व्यवस्था बदर हुने अवस्था छैन। निवेदनमा उल्लेख भए बमोजिम कुनै छानबिन नगरी आयोगले निवेदन वा उजुरी तामेलीमा राख्ने कुनै निर्णय नै नगरेको र त्यस्तो गर्ने अवस्थासमेत नरहेकाले निवेदन खारेज गरी पाउँ भन्नेसमेत बहस गर्नु भयो।

१४. अब यसमा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग नियमावली, २०७२ तथा सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ को नियम ७ तथा नियम १० को व्यवस्था बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को प्रस्तावना तथा दफा २१ सँग बाझिएको छ वा छैन र निवेदन माग बमोजिमको आदेश जारी हुनु पर्ने हो वा होइन भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने अवस्था देखियो।

१५. यस सम्बन्धमा दुवै रिट निवेदनमा निवेदकहरूले दावी गरेको विषयलाई हेर्दा रिट

निवेदकहरू द्वन्दकालमा द्वन्दरत पक्षबाट पीडित व्यक्ति तथा परिवारका सदस्यले प्रत्यर्थी आयोगमा तत्सम्बन्धमा उजुरी दिई त्यसको निस्सासमेत प्राप्त गरेको अवस्था रहेकोमा आयोगले विद्रोही पक्षबाट गरिएका चन्दा असुली, शिक्षा पेशाबाट बञ्चित गरिएका व्यक्ति, भगौडा भनिएका सेना प्रहरी, जग्गा जमिन कब्जा गरिएका, बाल सैन्य बनाइएका लगायतका कारण पीडित भएका व्यक्तिहरूको उजुरी परेकोमा ऐनको दफा २(ञ) को मापदण्ड भित्र नपर्ने भनी त्यस्तो उजुरीलाई तामेलीमा राख्ने जानकारी प्राप्त भएको र आयोगले ऐनको दफा २१ मा उल्लेख भएको उजुरी तामेलीमा राख्न सक्ने व्यवस्था प्रतिकुल हुने गरी नियमावलीको नियम ७ र १० मा व्यवस्था गरी उजुरीको प्रारम्भिक छानबिन नै नगरी अधिकांश उजुरी तामेलीमा राख्ने निश्चित भएकाले नेपालको संविधानको धारा १६, १७, १८, २० लगायतका मौलिक हक तथा धारा ४२(५) को सामाजिक न्यायको हक अन्तर्गत सशस्त्र संघर्षको क्रममा जीवन उत्सर्ग गर्ने शहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द पीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति घाइते तथा पीडितलाई न्याय एवं उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हकमा गम्भीर आघात पुग्न गएकाले निवेदकहरूको मौलिक हकको संरक्षण र प्रचलनका लागि ऐनको दफा २१ सँग बाझिएको बेपत्ता पारिएका व्यक्तिको छानबिन नियमावली, २०७२ र सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ को नियम ७ र १० बदर घोषित गरी नियमावलीमा आवश्यक संशोधन तथा पुनरावलोकन गर्नु भनी आदेशसमेत जारी हुनु पर्ने भन्ने मुख्य रुपमा मागदावी रहेको देखियो।

१६. प्रत्यर्थी मध्येका सत्य निरुपण तथा मेलमिलाप आयोगको लिखित जवाफमा निवेदकले ऐनको दफा २१ मा उजुरी तामेलीमा राख्ने व्यवस्थालाई बदरको माग नगरेको र नियमावलीको नियम ७ र १० को व्यवस्था ऐनको दफा २१ मा उल्लेख भएको उजुरी वा जानकारी सम्बन्धमा छानबिन गर्दा कारबाही चलाउन पर्याप्त आधार नभएका उजुरी वा जानकारी सम्बन्धमा आयोगले तामेलीमा राख्ने व्यवस्था बमोजिम नियमावलीको नियम ७ मा कारबाही चलाउन पर्याप्त आधार नभएका उजुरी के के हुन् भन्नेसम्म उल्लेख भएको र आयोगलाई नियमित उजुरी छानबिन गर्ने अधिकार नभई केवल सशस्त्र द्वन्दको अवधिमा घटेको घटना छानबिन गर्ने मात्र अधिकार दिएको भन्ने ऐनको प्रस्तावना र दफा २(ग) र (ञ) को व्यवस्थाले स्पष्ट गरेकाले निवेदकले सशस्त्र द्वन्दसँग असम्बन्धित

विषयको छानबिन हुने व्यवस्था हुनुपर्छ भन्ने रिट निवेदन खारेज हुनुपर्छ भन्नेसमेत जिकिर रहेको देखियो।

१७. प्रत्यर्थी मध्येका बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको लिखित जवाफमा ऐनको दफा २ (ञ) र (ट) तथा दफा १३(५) को व्यवस्था अनुसार आयोगले सशस्त्र द्वन्दको क्रममा निःशस्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध लक्षित गरी वा योजनाबद्ध रुपमा गरिएको व्यक्ति बेपत्ता पार्ने कार्य घटनाको उजुरी उपर छानबिन गर्ने कानूनी व्यवस्था रही आयोगले ऐन, नियम र निर्देशिक बमोजिम आयोगमा प्राप्त उजुरीमा प्रारम्भिक कारबाही, प्रारम्भिक छानबिन र विस्तृत छानबिन गरी तीन चरणमा छानबिन गर्ने कार्यलाई अघि बढाएको, प्रारम्भिक छानबिन गर्दा प्राप्त उजुरी अनुसार घटना सशस्त्र द्वन्दसँग सम्बन्धित नदेखिएका, सो अवधिमा घटित भएको नदेखिएका, बेपत्ता भनिएका व्यक्ति सम्पर्कमा आई उजुरी फिर्ता लिएका निवेदन समेतका आधारमा हालसम्म दुई सय एकहत्तर उजुरी तामेलीमा राखिएको हो। आयोगले ऐन, नियम, संक्रमणकालीन न्यायका आदर्श मूल्य र मान्यताको परिधिमा रही प्राप्त उजुरीहरू उपर छानबिन गर्दा केही उजुरीमा पर्याप्त आधार र कारण नभएका र आयोगको क्षेत्राधिकार, सशस्त्र द्वन्दको अवधि र क्रममा घटित भएको नदेखिएको जस्ता आधारमा ऐनको दफा २१ तथा नियमावलीको नियम ७ बमोजिम तामेलीमा राखिएका र ऐनको दफा २१ को व्यवस्था सहज र व्यवस्थित रुपमा कार्यान्वयन गर्न नियमावलीको नियम ७, ८ र १० मा विस्तृत व्यवस्था गरिएकाले नियमावलीको व्यवस्था दफा २१ सँग बाझिएको नहुँदा रिट निवेदन खारेज हुनुपर्ने भन्ने जिकिर रहेको देखियो।

१८. अन्य विपक्षीहरूको लिखित जवाफमा समेत ऐनको दफा २१ को व्यवस्थालाई थप स्पष्ट र पारदर्शी बनाउनको लागि नियमावलीमा उजुरी वा जानकारी तामेलीमा राख्ने व्यवस्था गरिएकोले नियमावलीको व्यवस्था बदर हुनुपर्ने होइन भन्ने जिकिर रहेको पाइयो।

१९. रिट निवेदनको मुख्य मागदावी र तत्सम्बन्धमा प्रत्यर्थीहरूबाट लिखित जवाफमा लिइएको जिकिरको संक्षिप्त उल्लेखन पश्चात यो रिट निवेदनमा निरुपण हुनु पर्ने मुख्य विषयतर्फ विचार गर्दा, सर्वप्रथम निवेदन पत्रमा उल्लेख भएको बेपत्ता पारिएको व्यक्तिको छानबिन सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा उल्लेख भएको तत्सम्बन्धी व्यवस्थालाई दृष्टिगोचर गर्नु सान्दर्भिक देखियो।

२०. बेपत्ता पारिएको व्यक्तिको छानबिन सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१

को प्रस्तावनामा **"नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ मा सशस्त्र द्वन्दको क्रममा बेपत्ता परिएका व्यक्तिहरूको सम्बन्धमा गठित छानबिन आयोगको प्रतिवेदनको आधारमा पीडित परिवारहरूलाई राहत उपलब्ध गराउने तथा सशस्त्र द्वन्दको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्ने कुरा उल्लेख भएको, विस्तृत शान्ति सम्झौताको दफा ५.२.५ मा सशस्त्र द्वन्दको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्नहरूको बारेमा सत्य अन्वेषण गर्ने र समाजमा मेलमिलाप वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन गर्ने कुरा उल्लेख भएको, नेपालको अन्तरिम संविधान,२०६३ र विस्तृत शान्ति सम्झौताको मर्म र भावनालाई आत्मसात गरी सशस्त्र द्वन्दको क्रममा भएको मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरुद्धको अपराध सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण तथा छानबिन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, समाजमा मेलमिलाप गराई पारस्परिक सद्भाव तथा सहिष्णुता को भावना अभिवृद्धि गर्दै दिगो शान्ति र मेलमिलापको वातावरण निर्माण गर्न, सो घटनाबाट पीडित व्यक्तिलाई परिपूरणको व्यवस्था लगायत त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीको लागि सिफारिस गर्नको लागि बेपत्ता परिएको व्यक्तिको छानबिन आयोग तथा सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले"** यो ऐन बनाइएको भन्ने उल्लेख भएको देखिन्छ।

२१. सो ऐनको दफा २ मा परिभाषा खण्ड अन्तर्गत खण्ड (ज) मा "**पीडित**" भन्नाले सशस्त्र द्वन्दको क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घनको परिणाम स्वरुप मृत्यु भएको वा शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक रुपमा हानी नोक्सानी पुगेको वा थुनामा रहेको व्यक्ति तथा निजको परिवारको सदस्य सम्झनु पर्छ र सो शब्दले मानव अधिकारको उल्लङ्घनको परिणाम स्वरुप मानवीय, सामाजिक वा समुदायिक रुपमा गम्भीर प्रतिकुल असर पुग्न गएको समुदाय समेतलाई जनाउँछ भन्ने व्यवस्था रहेको देखियो। सोही दफा २ को खण्ड (ञ) मा "मानव अधिकारको गम्भीर उल्लङ्घन" लाई

सशस्त्र द्वन्दको क्रममा नि:शस्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध लक्षित गरी वा योजनाबद्ध रूपमा गरिएको विभिन्न नौ वटा कार्यहरूको उल्लेख भै हत्या, अपहरण तथा शरीर बन्धक, व्यक्ति बेपत्ता पार्ने, अङ्गभङ्ग वा अपाङ्ग बनाउने, शारीरिक तथा मानसिक यातना, बलात्कार तथा यौनजन्य हिंसा, व्यक्तिगत तथा सार्वजनिक सम्पत्तिको लुटपाट, कब्जा, तोडफोड वा आगजनी, घरजग्गाबाट जबरजस्ती निकाला वा अन्य कुनै किसिमबाट विस्थापन, अन्तर्राष्ट्रिय मानव अधिकार वा मानवीय कानून विपरीत गरिएका जुनसुकै किसिमका अमानवीय कार्य वा मानवता विरुद्धको अन्य अपराधलाई मानव अधिकारको गम्भीर उल्लङ्घन हुने कार्य भएको भनी परिभाषित गरिएको पाइन्छ। दफा २ को खण्ड (ट) मा "व्यक्ति बेपत्ता पार्ने कार्य" भन्नाले कानून बमोजिम पक्राउ गर्ने, अनुसन्धान तहकिकात गर्ने वा कानून कार्यान्वयन गर्ने अख्तियारी पाएको व्यक्ति वा सुरक्षाकर्मीले पक्राउ गरेको, हिरासतमा राखेको वा अन्य कुनै किसिमले नियन्त्रणमा लिएको व्यक्तिलाई मुद्दा हेर्ने व्यक्ति समक्ष उपस्थित नगराउने, मुद्दा हेर्ने अधिकारी समक्ष प्रचलित कानून बमोजिम उपस्थित गराउनु पर्ने अवधि व्यतित भएपछि पनि सरोकारवालालाई भेटघाट गर्न नदिने वा निजलाई कहाँ, कसरी र कुन अवस्थामा राखिएको छ भन्ने सम्बन्धमा जानकारी नदिने, सशस्त्र द्वन्दको क्रममा कुनै संगठन वा संगठित वा असंगठित समुहको नामबाट कुनै पनि व्यक्तिलाई पक्राउ वा अपहरण गरी वा कब्जामा वा अन्य कुनै किसिमले नियन्त्रणमा लिई निजको वैयक्तिक स्वतन्त्रताबाट बञ्चित गर्ने कार्यलाई व्यक्ति बेपत्ता पार्ने कार्य भनी परिभाषित गरिएको देखियो। ऐ. दफाको खण्ड (ण) मा "सशस्त्र द्वन्द" भन्नाले सम्वत् २०५२ साल फागुन १ गते देखि २०६३ साल मंसिर ५ गतेसम्म राज्य पक्ष र तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको सशस्त्र द्वन्द सम्झनु पर्छ भनी परिभाषित गरिएको देखियो।

२२. उक्त ऐनको दफा ३ मा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग गठन सम्बन्धमा व्यवस्था रही सशस्त्र द्वन्दको क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिको बारेमा सत्य अन्वेषण तथा छानबिन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, पीडक र पीडित बिच मेलमिलाप गराउन, पीडितलाई परिपूरणको व्यवस्था लगायत त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीको सिफारिस गर्ने कामसमेतको लागि नेपाल राजपत्रमा सूचना प्रकाशित गरी छुट्टाछुट्टै रुपमा स्वतन्त्र,

निष्पक्ष जवाफदेही र उच्चस्तरीय बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्ने भन्ने उल्लेख भएको देखियो। दफा १३ मा उक्त आयोगको काम कर्तव्य र अधिकार अन्तर्गत उपदफा (१) मा उल्लेख भएको कामको अतिरिक्त प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सशस्त्र द्वन्दको क्रममा भएका घटनासँग सम्बन्धित विषयमा विभिन्न अदालत तथा निकायमा विचाराधीन मुद्दाहरू वा उजुरीहरु सम्बन्धित अदालत तथा निकायसँगको परामर्शमा आयोगले छानबिन गर्ने, कुनै घटना सशस्त्र द्वन्दको क्रममा भएको हो वा होइन भन्ने विवाद भएमा त्यसको निर्णय आयोगले गर्ने, यस ऐन बमोजिम बेपत्ता पारिएका व्यक्तिको सम्बन्धमा बेपत्ता परिएका व्यक्तिको छानबिन आयोग र मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी अन्य घटनाका सम्बन्धमा सत्य निरुपण तथा मेलमिलाप आयोगले छानबिन गर्ने, आयोगले मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटनाको छानबिन गर्दा पीडित वा निजको तर्फबाट कसैले आयोग समक्ष उजुरी दिएमा, आयोगलाई कुनै स्रोतबाट जानकारी प्राप्त भएमा, आयोगले छानबिन गर्न उपयुक्त सम्झेमा भन्ने आधारमा छानबिन गर्न सक्ने आयोगमा उजुरी दिने कार्यमा बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका तथा यौनजन्य हिंसामा परेका व्यक्तिलाई सहजता प्रदान गर्न आयोगले तोकिए बमोजिम छुट्टै व्यवस्था गर्न सक्ने भन्ने उल्लेख भएको देखियो। दफा २१ मा "उजुरी तामेलीमा राख्न सक्ने" व्यवस्था अन्तर्गत आयोगमा प्राप्त भएको उजुरी वा जानकारी सम्बन्धमा छानबिन गर्दा कारबाही चलाउन पर्याप्त आधार नभएमा आयोगले कारण खुलाई त्यस्तो उजुरी तामेलीमा राख्न सक्ने र त्यस्तो उजुरीको सम्बन्धमा कारबाही गर्नुपर्ने विषयमा पछि प्रमाण प्राप्त भएमा आयोगले सो उजुरी उपर छानबिन गर्न सक्ने भन्ने उल्लेख भएको देखियो।

२३. बेपत्ता पारिएका व्यक्तिको छानबिन सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४४ बमोजिम नेपाल सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग नियमावली, २०७२ र सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ भन्ने छुट्टाछुट्टै दुई नियमावली वनाएको देखियो। दुवै नियमावलीमा मुख्य रुपमा आयोगले उजुरी माग गर्ने, आयोगमा उजुरी दिन सकिने, उजुरी सम्बन्धी विशेष व्यवस्था, उजुरी वा जानकारी दर्ता गर्ने उजुरी वा जानकारी तामेलीमा राख्ने, तामेलीमा रहेका उजुरी जगाउन सक्ने, प्रारम्भिक छानबिन, विस्तृत छानबिन तथा अनुसन्धान अधिकारी तोक्ने, आरोपित

वा जानकार व्यक्तिलाई बयान वा सोधपुछ गर्ने, प्रमाण पेश गर्न लगाउन सक्ने खानतलासी तथा बरामदी मुचुल्का, पीडितसँग जानकारी लिन सक्ने लगायतको व्यवस्था गरिएको देखियो।

२४. निवेदकले बदरको माग गरेको दुवै नियमावलीको नियम ७ को उपनियम (१) मा आयोगले देहायका अवस्थामा आफू समक्ष प्राप्त उजुरी वा जानकारी तामेलीमा राख्न सक्नेछ भन्ने उल्लेख भएको देखियोः *(क) सशस्त्र द्वन्दको अवधि बाहेक अन्य अवधिमा व्यक्ति बेपत्ता पारिएको घटना तथा सशस्त्र द्वन्दको अवधि बाहेक अन्य अवधिमा घटेका घटनासँग सम्बन्धित उजुरी, (ख) सशस्त्र द्वन्दको अवधिमा व्यक्ति बेपत्ता पारिएको भए तापनि सशस्त्र द्वन्दसँग असम्बन्धित देखिन आएका उजुरी तथा सो अवधिमा मानव अधिकारको गम्भीर उल्लङ्घन भए तापनि सशस्त्र द्वन्दसँग असम्बन्धित देखिन आएका उजुरी, (ग) आयोगको अधिकार क्षेत्र भित्र नपरेका उजुरी, (घ) आयोगले उजुरी दर्ता गर्न दिएको म्याद समाप्त भएपछि प्राप्त भएका उजुरी, (ङ) प्रथम दृष्टिमा तथ्य र प्रमाणको अभाव देखिएको वा अस्पष्ट उजुरी, (च) आयोगबाट तामेलीमा राखिसकेको उजुरी सम्बन्धी विषयमा नयाँ प्रमाण पेश नगरी पुनः सोही विषयमा दिएको उजुरी, (छ) बेनामी उजुरी*। साथै सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावलीको नियम ७(ज) मा "*ऐन तथा यस नियमावली बमोजिम मेलमिलाप भएका विषयको उजुरी* " भन्ने उल्लेख भएको देखियो। दुवै नियमावलीको नियम ७ को उपनियम (२), (३), (४) र (५) को व्यवस्था समान रही उपनियम (२) मा "*उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसन्धान अधिकारीले नियम १० को उपनियम (२) बमोजिम आयोग समक्ष दिएको प्रारम्भिक प्रतिवेदन उपर छलफल गरी आयोगबाट उजुरी वा जानकारी तामेलीमा राख्ने निर्णय भएमा त्यस्तो उजुरी वा जानकारी तामेलीमा राखिने* ", उपनियम (३) मा "*उपनियम (१) वा (२) बमोजिम आयोगबाट कुनै उजुरी वा जानकारी तामेलीमा राख्ने निर्णय भएमा आयोगले सोको जानकारी सम्बन्धित व्यक्तिलाई दिनु पर्ने* ", उपनियम (४) मा "*उपनियम (१) वा (२) बमोजिम आयोगबाट कुनै उजुरी वा जानकारी तामेलीमा राख्ने निर्णय भएमा उजुरी साथ प्राप्त सक्कल कागजात सम्बन्धित उजुरीकर्तालाई फिर्ता गर्नुपर्ने* " भन्ने र उपनियम (५) मा "*यस नियम बमोजिम उजुरी वा जानकारी तामेलीमा राख्ने निर्णय भएमा आयोगको दर्ता किताबबाट त्यस्तो उजुरी वा जानकारीको लगत कट्टा गर्नुपर्ने* "

भन्ने व्यवस्था रहेको देखियो।

२५. दुवै नियमावलीको नियम ८ मा "तामेलीमा रहेका उजुरी जगाउन सक्ने" व्यवस्था अन्तर्गत उपनियम (१) मा नियम ७ बमोजिम तामेलीमा राखिएको उजुरी वा जानकारीको बेहोरालाई पुष्टि गर्ने कुनै ठोस सबुत प्रमाणसहित सो विषयमा छानबिन गर्न कसैले आयोगमा निवेदन दिएमा वा आयोगले छानबिन गर्दै जादा कुनै ठोस सबुत प्रमाण प्राप्त हुन आएमा आयोगले त्यस्तो उजुरी वा जानकारी तामेलीबाट जगाउने निर्णय गरी छानबिनको कारबाही प्रारम्भ गर्न सक्ने भन्ने उल्लेख छ। उपनियम (२) मा उपनियम (१) बमोजिम कुनै उजुरी वा जानकारी तामेलीबाट जगाउने निर्णय भएमा त्यस्तो उजुरी वा जानकारी आयोगको उजुरी दर्ता किताबमा पुनः दर्ता गरिनेछ भन्ने उल्लेख भएको देखियो। दुवै नियमावलीको नियम ९ मा आयोग समक्ष परेको कुनै उजुरी आयोगको कार्यक्षेत्र भित्र नपरी अन्य निकायसँग सम्बन्धित देखिन आएमा आयोगले त्यस्तो उजुरी र सो सम्बन्धित कागजात सम्बन्धित निकायमा लेखी पठाई त्यसको जानकारी सम्बन्धित व्यक्तिलाई दिनु पर्ने व्यवस्था रहेको पाइयो। दुवै नियमावलीको उजुरी छानबिन सम्बन्धी परिच्छेद तीनको नियम १० मा प्रारम्भिक छानबिन सम्बन्धी व्यवस्था अन्तर्गत उपनियम (१) बमोजिम आयोगमा दर्ता भएका तथा नियम ७ बमोजिम तामेलीमा राखिए बाहेकका अन्य उजुरी वा जानकारीका सम्बन्धमा आयोगले कुनै सदस्य वा ऐन बमोजिम उपसमिति वा कार्यटोली गठन गरी प्रारम्भिक छानबिन गर्न वा गराउन सक्ने प्रावधान रहेको देखिन्छ। उपनियम (२) मा उपनियम (१) बमोजिमको प्रारम्भिक छानबिन गर्ने सदस्य, उपसमिति वा कार्यटोलीले आयोग समक्ष यथाशक्य छिटो प्रतिवेदन पेश गर्नु पर्नेछ भन्नेसमेत उल्लेख भएको देखियो।

२६. रिट निवेदकले उल्लिखित नियमावलीको नियम ७ र १० को व्यवस्थाले अधिकांश पीडितका उजुरी तामेलीमा राखिने निश्चित भएकाले उल्लिखित व्यवस्था त्रुटिपूर्ण हुँदा बदर हुनुपर्ने भन्ने मुख्य रुपमा दावी लिएको पाइयो। माथि उल्लेख भएका बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, 2071 र सो ऐन बमोजिम जारी भएका नियमावलीहरूको समग्र व्यवस्थाको अध्ययन गरी हेर्दा ऐनको प्रस्तावनामा नै सशस्त्र द्वन्दका क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरुद्धको अपराध सम्बन्धी घटना र त्यस्तो घटनाको बारेमा सत्य अन्वेषण एवं त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीको लागि सिफारिस

गर्ने लगायतका कार्यका लागि बेपत्ता पारिएका व्यक्तिको छानबिन तथा सत्य निरुपण तथा मेलमिलाप आयोग गठनको व्यवस्था गर्ने भन्ने उद्देश्य रहेको पाइन्छ। मूलतः ऐनको दफा २(ञ), २(ट) तथा २(ज) मा भएको पीडित, मानव अधिकारको गम्भीर उल्लङ्घन, व्यक्ति बेपत्ता पार्ने कार्य लगायत शव्दावलीको परिभाषामा पनि उल्लिखित कार्यहरू सशस्त्र द्वन्दको क्रममा भएको भन्ने उल्लेख भई सम्वत् २०५२ साल फागुन १ गते देखि २०६३ साल मंसिर ५ गतेसम्मको राज्य पक्ष र तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको सशस्त्र द्वन्द सम्झनु पर्ने भनी दफा २(ण)ले स्पष्ट रुपमा बोलेको पाइयो। उल्लिखित दुवै आयोगहरू ऐनको प्रस्तावनामा उल्लेख भएको उद्देश्यलाई कार्यान्वयनको लागि गठन भएको भन्ने दफा ३ मा उल्लेख भएको गठन सम्बन्धी व्यवस्थाबाट स्पष्ट हुन्छ। दफा १३ मा उल्लिखित दुवै आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धमा भएको व्यवस्थाबाट कुनै घटना सशस्त्र द्वन्दको क्रममा भएको हो वा होइन भन्ने विवादको निरुपणसमेत आयोगले नै गर्ने भन्ने उल्लेख भएको पाइयो। आयोगले सबै विषय र सबै कालखण्डका जुनसुकै प्रकारका घटनामा उजुरी लिने वा त्यस्तो उजुरीको छानबिन गर्ने भन्ने आयोगको उद्देश्य तथा अधिकार क्षेत्र नै होइन। यस सन्दर्भमा ऐनको दफा २१ मा आयोगले आफू समक्ष प्राप्त उजुरी वा जानकारी सम्बन्धमा छानबिन गर्दा कारबाही चलाउन पर्याप्त आधार नभएमा त्यसको कारण खुलाई उजुरी तामेलीमा राख्ने सक्ने भन्ने व्यवस्था राखिएको भन्ने अर्थमा बुझ्नुपर्ने हुन्छ।

२७. नियमावलीको नियम ७ को व्यवस्था उक्त कानूनी व्यवस्थासँग बाझिएको भन्ने प्रश्न सम्बन्धमा ऐनको दफा २१ मा भएको तामेलीमा राख्ने व्यवस्थालाई कार्यरुप प्रदान गर्न भनी नियमावलीको नियम ७ मा त्यसको आधारहरू उल्लेख गरिएको देखिन आयो। उक्त नियम ७ को विभिन्न खण्डमा स्पष्ट रुपमा आयोगले के कस्ता उजुरी तामेलीमा राख्ने भन्ने आधारहरू उल्लेख भै सशस्त्र द्वन्दको अवधि बाहेकका अन्य अवधिमा व्यक्ति बेपत्ता पारिएका घटनासँग सम्बन्धित उजुरी, उक्त अवधिमा व्यक्ति बेपत्ता पारिएका भए तापनि सशस्त्र द्वन्दसँग असम्बन्धित, आयोगको अधिकार क्षेत्र भित्र नपरेका लगायतका विषयमा आयोगको कार्यक्षेत्रलाई सीमित गरी त्यस्ता उजुरी वा निवेदन तामेलीमा राख्ने व्यवस्था भएको भन्ने देखिन आउछ। त्यसरी तामेलीमा राखिएको विषयमा उजुरी बेहोरालाई पुष्टि गर्ने आधार प्राप्त भएको अवस्थामा आयोगले तामेलीबाट जगाई छानबिनको कारबाही प्रारम्भ गर्ने सक्ने भन्ने नियम ८ मा भएको व्यवस्थाले दफा ७

बमोजिम तामेलीमा रहेका उजुरी सँधैभरी तामेलीमा रहने नभई तामेलीबाट जागी पुनः छानबिनको विषय बन्न सक्ने अवस्थासमेत रहेकै देखियो। नियम १० मा आयोगले प्रारम्भिक छानबिन गर्ने विषय अन्तर्गत आयोगमा दर्ता भएका उजुरी र नियम ७ बमोजिम तामेलीमा राखिएका बाहेकका अन्य उजुरी वा निवेदन उपर आयोगले प्रारम्भिक छानबिन गराउने विषयसँग सम्बन्धित रहेको देखियो। मूलतः नियम १० को व्यवस्थाले नियम ७ को व्यवस्थालाई न त विस्तार गरेको छ, न त सीमित नै गरेको छ। नियम ७ मा उल्लेख भएको आफ्नो कार्यक्षेत्र भित्र नपरेका विषयको उजुरी वा निवेदन बाहेकका उजुरी वा निवेदन सम्बन्धमा नियम १० ले छानबिन प्रारम्भ गर्ने र सो प्रयोजनका लागि आयोगको कुनै सदस्य वा उपसमिति वा कार्यटोली गठन गर्ने र त्यस्तो सदस्य, उपसमिति वा कार्यटोलीले आयोग समक्ष यथाशक्य छिटो प्रतिवेदन पेश गर्नुपर्ने विषयसम्म नियम १० मा उल्लेख भएको देखिएको सन्दर्भमा नियम ७ र १० को व्यवस्था एक-आपसमा बाझिएको भनी अर्थ गर्ने अवस्था नै देखिँदैन। ऐनको दफा २१ को तामेलीमा राख्ने व्यवस्थालाई कार्यरुप दिइएको नियमावलीको नियम ७ र १० को व्यवस्थासमेत एकआपसमा बाझिएको भन्ने माथि उल्लेख भएको तत् तत् व्यवस्थाबाट देखिन आउँदैन।

२८. निवेदकले ऐनको दफा २१ को व्यवस्था अन्तरिम संविधान, 2063, विस्तृत शान्ति सम्झौता वा सोही ऐनको प्रस्तावनाको भावना विपरीत भएको भनी दफा २१ लाई चुनौति दिई रिट निवेदन दायर गरेको अवस्था देखिँदैन। ऐनको दफा २१ मा भएको तामेली सम्बन्धी व्यवस्थालाई स्वीकार गरिएको अवस्था छ। प्रत्यर्थी बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको लिखित जवाफमा आयोगले छानबिन गर्दा प्राप्त उजुरी अनुसारको घटना सशस्त्र द्वन्दसँग सम्बन्धित नदेखिएका, घटना सशस्त्र द्वन्दको अवधिमा घटित भएको नदेखिएको, बेपत्ता भनिएको व्यक्ति सम्पर्कमा आई उजुरी फिर्ता लिन पाउँ भनी दिएको निवेदन तामेलीमा राखिएको भन्ने उल्लेख भई आयोगले कानूनसम्मत ढंगबाट ऐन, नियम, संक्रमणकालीन न्यायका आदर्श, मूल्य र मान्यता बमोजिम कानूनको पारिधि भित्र रही आयोगमा प्राप्त उजुरीहरू उपर छानबिन गर्दा केही उजुरीमा पर्याप्त आधार र कारण नभएका, आयोगको क्षेत्राधिकार, सशस्त्र द्वन्द अवधि र क्रममा घटित भएको नदेखिएको जस्ता आधारमा ऐनको दफा २१ तथा नियमावलीको नियम ७ बमोजिम हालसम्म २७१ उजुरी तामेलीमा राखिएको भन्ने उल्लेख भएको पाइयो। सत्य निरुपण तथा मेलमिलाप आयोगको लिखित जवाफमा सो आयोगबाट कुनै पनि उजुरी तामेलीमा

नराखिएको भन्ने उल्लेख भएको देखियो।

२९. निवेदक विनयध्वज चन्द विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत भएको ०७३-WO-०२५७ को उत्प्रेषणको रिट निवेदनका सन्दर्भमा उजुरी वा जानकारी तामेलीमा राख्ने सम्बन्धी मापदण्ड, २०७३ खारेज हुने गरी मिति २०७३।१०।१९ मा आदेश भएकोमा शान्ति प्रक्रियाको मर्म र भावना विपरीत पीडितका उजुरी स्वेच्छाचारी तवरबाट तामेलीमा राख्न नमिल्ने भन्ने निवेदन जिकिर रहेको देखिन्छ। ०७३-WO-०२५७ को रिट निवेदनको सन्दर्भमा भएको आदेशलाई हेर्दा आयोगको बैठकबाट मिति २०७३।४।४ मा जारी गरिएको उजुरी वा जानकारी तामेलीमा राख्ने सम्बन्धी मापदण्ड, २०७३ ले तामेलीमा राख्ने व्यवस्था सम्बन्धमा ऐन तथा नियममा भन्दा बढी १(ग), १(घ), १(ङ), १(च), १(ज), १(थ), १(ढ) र १(द) थप व्यवस्था उल्लेख गरी मापदण्ड निर्धारण गरी जारी गरिनुले निवेदक लगायत द्वन्द पीडितको मान मर्यादा र प्रतिष्ठामा आघात पुऱ्याएको भन्ने मुख्य विषय रहेको देखिन्छ। यस अदालतबाट बेपत्ता पारिएका व्यक्तिको छानबिन सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावलीको नियम ४६ ले आयोगलाई आफ्नो कार्य व्यवस्थित रुपले सञ्चालन गर्नको लागि ऐन तथा नियमावलीको अधिनमा रही आवश्यक निर्देशिका र कार्यविधि बनाई लागु गर्न सक्नेछ भन्ने व्यवस्था गरेबाट नियमावलीले निर्देशिका र कार्यविधि मात्र बनाउने अधिकार दिएको; मापदण्डमा थप आधार उल्लेख गरी बनाउने अधिकार ऐन र नियमावलीमा नदेखिएको; ऐनको दफा २(ञ)(९) विपरीत द्वन्द पीडितका उजुरी माथि औपचारिक रूपमा छानबिन नै नगराई आयोगले तामेलीमा राख्न नमिल्ने भएको; उक्त मापदण्डको व्यवस्थाले सशस्त्र द्वन्दको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराध सम्बन्धी घटनाका पीडित व्यक्तिहरूको मानव अधिकार हनन् हुन जाने र न्याय प्राप्त हुनबाट बञ्चित हुन जाने अवस्था देखिएको; ऐनको दफा २१ र नियमावलीको नियम ७ मा तामेलीमा राख्न पाउने सम्बन्धमा स्पष्ट व्यवस्था हुँदाहुँदै ऐनद्वारा निर्धारित आयोगका काम कर्तव्यहरू बाहेकको अधिकार भन्दा बाहिर गई कार्य गर्न नमिल्ने भएको; कानून भन्दा बाहिर गई बनाएको मापदण्डले कानूनी मान्यता पाउन नसक्ने भएको भन्ने आधारमा मिति २०७३।४।४ मा जारी गरिएको तामेलीमा राख्ने मापदण्ड २०७३ को बुँदा नं. १(ग), १(घ), १(ङ), १(च), १(ज), १(थ), १(ढ) र १(द) उत्प्रेषणको आदेशले बदर भै उक्त मापदण्डको आधार लिई तामेलीमा राखिएका निवेदन तथा उजुरीहरूको हकमा जो जे बुझी बुझ्नु पर्ने हो बुझी छानबिन गराई ऐन र

नियमावलीमा भएको व्यवस्था अनुसार आवश्यक निर्णय गर्नु गराउनु भनी परमादेशसमेत जारी भएको देखियो।

३०. उल्लिखित ०७३-WO-०२५७ को विवादमा नियमावलीमा भएको व्यवस्था सम्बन्धमा प्रश्न उठेको नभई आयोगले बनाएको तामेली सम्बन्धी मापदण्डको व्यवस्था ऐन तथा नियमावलीले गरेको व्यवस्था भन्दा बाहिर गई बनाइएको आधारमा बदर घोषित गरिएको देखिन्छ। ऐनको दफा २१ र नियमावलीको नियम ७ मा तामेलीमा राख्न पाउने व्यवस्थालाई अन्यथा ठहर गरिएको देखिँदैन। तामेलीमा राखिएका निवेदन तथा उजुरी सम्बन्धमा छानबिन गर्नु गराउनु भनी परमादेश जारी भएको देखिन्छ। यस अदालतबाट उल्लिखित ०७३-WO-०२५७ को रिट निवेदनका सन्दर्भमा गरिएको आदेशसमेतको सन्दर्भमा हेर्दा ऐनको दफा २१ को तामेलीमा राख्ने सम्बन्धी व्यवस्थासँग नियमावलीको नियम ७ र १० बाझिएको भन्ने देखिन आएन।

३१. विद्रोही पक्षबाट गरिएको चन्दा असुली शिक्षण पेशाबाट बञ्चित गरिएका, भगौडा भनिएका सेना प्रहरी, जग्गा जमिन कब्जा गरिएका तर कब्जाको प्रमाण नभएका वा नदिइएका, बाल सैन्य बनाइएका, हिट लिस्टमा राखिएका, मानव ढालको रुपमा प्रयोग गरिएका, अर्को समुहसँग कार्यगत एकता गरेकाबाट पीडित भएका व्यक्ति सम्बन्धमा आयोग समक्ष परेको उजुरी ऐनको दफा २(ञ) भित्र नपरेको भन्ने आधारमा अधिकांश उजुरी तामेलीमा रहने अवस्था रहेको भन्ने निवेदन जिकिर सम्बन्धमा विचार गर्दा विस्तृत शान्ति सम्झौता, ऐनको प्रस्तावना तथा आयोग गठन सम्बन्धी ऐनको व्यवस्थाबाट दुवै आयोग गठन गर्नुको मुख्य उद्देश्य सशस्त्र द्वन्दको क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिका बारेमा सत्य अन्वेषण तथा सोही द्वन्दका क्रममा बेपत्ता पारिएका व्यक्तिको छानबिन गर्ने, समाजमा मेलमिलाप, पारस्परिक सद्भाव तथा सहिष्णुताको भावनाको अभिवृद्धि, दिगो शान्ति र मेलमिलापको वातावरण निर्माण गर्ने, पीडितलाई परिपूरणको व्यवस्था एवं पीडकलाई कानूनी कारबाहीको सिफारिस लगायतका कार्य गर्ने उद्देश्यबाट दुवै आयोगको गठन भएको देखिन्छ। ऐनको दफा २(ञ)मा सशस्त्र द्वन्दको क्रममा नि:शस्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध लक्षित गरी वा योजनाबद्ध रुपमा गरिएको हत्या, अपहरण तथा शरीर बन्धक, व्यक्ति बेपत्ता पार्ने, अङ्गभङ्ग वा अपाङ्ग बनाउने, शारीरिक वा मानसिक यातना, बलात्कार तथा यौनजन्य हिंसा, व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा, तोडफोड वा आगजनी,

घरजग्गाबाट जबरजस्ती निकाला वा अन्य कुनै किसिमबाट बिस्थापन वा अन्तर्राष्ट्रिय मानव अधिकार वा मानवीय कानून विपरीत गरिएका जुनसुकै किसिमका अमानवीय कार्य वा मानवता विरुद्धको अन्य अपराधका कार्यलाई मानव अधिकारको गम्भीर उल्लङ्घन भनी परिभाषित गरिएको समेत पाइयो। निवेदन पत्रमा उल्लेख गरेको कार्य सशस्त्र द्वन्दको क्रममा भएको देखिएको अवस्थामा यसको छानबिन आयोगले गर्न नसक्ने भन्ने हुदैन। ऐनको दफा ३(१) ले आयोग स्वतन्त्र, निष्पक्ष र जवाफदेही रहने व्यवस्था गरी दफा १३(४) मा कुनै घटना सशस्त्र द्वन्दको क्रममा भएको हो होइन भन्ने विवाद भएमा त्यसको निर्णयसमेत आयोगले नै गर्ने भन्ने उल्लेख भएको सन्दर्भमा आयोगले आफू समक्ष परेका उजुरी तथा निवेदन उपर सो ऐनको प्रस्तावना लगायतका प्रावधान तथा नियमावलीको समग्र व्यवस्थाको मर्म र भावना प्रतिकुल हुने गरी छानबिन कार्य गर्न सक्ने देखिँदैन।

३२. निवेदक लिलाधर भण्डारीसमेत प्रत्यर्थी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत भएको मुद्दा (ने.का.प २०६५ नि.नं. ८०१२) मा माओवादी सशस्त्र द्वन्दको समयमा रिट निवेदकहरूका परिवारको नाममा रहेका चलअचल सम्पत्ति उद्योगधन्दा, कलकारखाना पेशा व्यवसाय जस्ता निजी सम्पत्ति प्रत्यर्थी पार्टी एवं पार्टीका भातृ संगठनहरूले कब्जा गरी निवेदकहरूलाई घरबारविहिन, पेशाविहिन बनाई विस्थापित जीवन बिताउनु परेकाले अन्तरिम संविधान, २०६३ मा समेत त्यस्तो सम्पत्ति फिर्ता गर्ने सम्बन्धमा शान्ति सम्झौता गर्ने दलहरूद्वारा गरिएको प्रतिबद्धतालाई संविधान मै उल्लेख भएको हुँदा नेपाल सरकार, राजनीतिक दलहरू समेतमा त्यस्तो सम्पत्ति घरजग्गा फिर्ताको लागि पटक पटक निवेदन गर्दा कुनै पहल वा चासो नभएर देश भित्रै अनागरिक जस्तै विस्थापित जीवन बिताउनु परेकाले कब्जा भएको सम्पत्ति अविलम्ब फिर्ता दिनु भनी परमादेशसमेत जारी गरी पाउँ भन्ने मागदावी लिइएको देखिन्छ। सो सन्दर्भमा यस अदालतबाट भएको आदेशमा "...शान्ति सम्झौताले युद्धकालमा विभाजित मनस्थिति त्यागेर शान्तिमा रुपान्तरण हुनका लागि प्रतिबद्धता व्यक्त गरेको, द्वन्दकालमा प्रभावित व्यक्ति एवं परिवारको हकमा राहत पुनर्स्थापना गर्ने खोजेको, त्यस कालमा उल्लङ्घन भएको मानव अधिकार उल्लङ्घनको लागि सत्य अन्वेषण गरी उपचार दिने र मेलमिलापको वातावरण खडा गरी शान्तिलाई संस्थागत गर्न खाजेको भन्ने देखिन्छ। द्वन्दकालमा भौतिक निर्माण देखि सामाजिक सम्बन्ध लगायत विविध पक्षहरू प्रभावित

भई जनताका मौलिक एवं कानूनी हक प्रचलनमा समेत अवरोध आएको देखिएकोले जनताको हक प्रचलन गराउन उपयुक्त कानूनी एवं शासकीय वातावरण कायम गराउनको लागि शान्ति सम्झौताको इमान्दार कार्यान्वयन सान्दर्भिक देखिन आउने" भनी उल्लेख भएको पाइन्छ।

३३. सोही आदेशमा भनिएको छः "...व्यक्तिको जीवनको अधिकारको सम्मान गर्ने उसको जीविकाको आधारको रुपमा रहने सम्पत्ति र व्यवसायको अधिकार महत्वपूर्ण हुन्छ, जसको अभावमा न त खाद्य अधिकार सुरक्षित हुन्छ, न त जीवनको लागि चाहिने आवश्यकता पूर्ति गर्न सकिन्छ। जीवनको सम्बन्धमा व्यक्तिले आफ्नो आत्मनिर्णयको अधिकार प्रयोग गर्न सम्पत्ति, बासस्थान र व्यवसाय जस्ता आधारभूत कुराहरूको अभावमा असाहय हुन्छ। त्यसैले अधिकारको सम्मान गर्ने, कानून विपरीत व्यक्तिको सम्पत्ति जफत वा कब्जा नगर्नु र आफ्नो बासस्थानमा ससम्मान र सुरक्षित ढंगले फिर्ता हुन पाउनु विस्तृत शान्ति सम्झौताको महत्वपूर्ण प्रतिबद्धता हुन भन्न सकिन्छ। ...द्वन्दकालमा वा त्यसपछि पनि कब्जा गरिएका सम्पत्ति फिर्ता नहुने, बासस्थान रक्षा नहुने, आफ्नो ठाउँमा आफूले रोजेको पेशा गर्न नसक्ने, निर्वाध आवागमन गर्न नसक्ने र असुरक्षाको भाव मडारिइरहनुले द्वन्दको धङ्धडीलाई नै निरन्तरता दिएको हुन्छ। शान्ति सम्झौताको सही कार्यान्वयनको अभावमा कुनै न कुनै समयमा द्वन्द चर्कने वा पुनरागमन गर्न सक्ने सम्भावनालाई गर्भमा राखेको हुन सक्छ भन्ने कुराको हेक्का राख्नु सम्बन्धित सबैको लागि अति जरूरी छ। ...हाम्रो संविधानले सम्पत्तिलाई मौलिक हकको रुपमा सम्मानजनक र प्रभावकारी स्थान दिएको हुनाले कानून बमोजिम अधिग्रहण गरेको अवस्थामा बाहेक सम्पत्तिको गरैकानूनी कब्जालाई वैध ठहराउने कुनै पनि राजनैतिक चेष्टा मान्य हुन सक्दैन। संविधानको आधारभूत सिद्धान्तको रुपमा स्वीकृत सम्पत्तिको हक सहितको मौलिक हक, कानूनी राज्य र उत्तरदायी सरकारका सिद्धान्तहरू विपरीत सम्पत्तिको वास्तविक धनीलाई सम्पत्तिको उपभोग गर्न वा हक हस्तान्तरण गर्न नदिनु भनेको कानूनी राज्यको मौलिक आधारमा नै प्रहार गर्नु जस्तो हो। संविधान विपरीत यस्तो सोच वा व्यवहार कायम रहन दिने हो भने कुनै संविधान बनाउन वा त्यसमा कानूनी राज्य, स्वतन्त्र न्यायपालिका, मौलिक अधिकार आदिको व्यवस्था गर्नुको कुनै अर्थ रहदैन भनी वृहत रुपमा व्याख्या र विवेचना भई द्वन्दकालमा कब्जा भएका सम्पत्ति फिर्ता दिने र सम्पत्ति कब्जाको कारण भएको क्षतिबाट पीडित हुन पुगेकालाई राहत पुऱ्याउन क्षतिपूर्तिको लागि कोष खडा गर्ने

भनी मिति २०६५।९।२३ मा आदेश जारी भएको समेत देखिन्छ। सो विवादमा प्रत्यर्थी बनाइएका आयोगहरू स्थापना गर्ने ऐन जारी हुनु भन्दा अघि यस अदालतबाट सशस्त्र द्वन्दको क्रममा व्यक्तिको नाममा रहेको चलअचल सम्पत्ति, उद्योग धन्दा, कलकारखाना, पेशा व्यवसाय जस्ता सम्पत्ति कब्जा गरी घरबारविहिन, पेशाविहिन बनाइएका व्यक्तिको सम्पत्ति फिर्ता गराउने सन्दर्भमा भएको उल्लिखित व्याख्या अहिले पनि उत्तिकै सान्दर्भिक रहेको देखिन्छ।

३४. निवेदन अधिवक्ता माधव कुमार बस्नेतसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत भएको उत्प्रेषण परमादेश (ने.का.प २०७० नि.नं. ९०५१) मा मिति २०६९।१२।१ मा नेपाल राजपत्रमा प्रकाशित सम्वत् २०६९ सालको अध्यादेश नं. ८ मा बेपत्ता भएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेशका दफा १३, २३, २५, र २९ का व्यवस्थाहरू तत्कालीन अन्तरिम संविधान, २०६३ को धारा १२(१), १३(१) र २४(९) समेतको प्रतिकुल भएकाले बदरको माग लिइएकोमा यस अदालतको विशेष इजलासबाट मिति २०७०।९।१८ मा उक्त अध्यादेशमा बलपूर्वक व्यक्ति बेपत्ता पारिएको घटनालाई मानव अधिकार सम्बन्धी गम्भीर अपराधको रुपमा लिइने अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको दृष्टिकोण, यसै अदालतले राजेन्द्र ढकालको मुद्दामा गरेको निर्णय र निर्देशन अनि नेपालको अन्तरिम संविधान, २०६३ एवं पूर्ववर्ती संविधानले अङ्गीकार गरेका व्यक्तिको जीवन र स्वतन्त्रताको प्रतिकुल हुन गई छुट्टै आयोग गठन गरी राजेन्द्र ढकालको मुद्दाको निर्णय कार्यान्वयन गर्नुपर्नेमा सो नगरेको, व्यक्ति बेपत्ता छानबिन आयोगलाई विशुद्ध फौजदारी कार्यको रुपमा लिनपर्नेमा सो अनुसार नगरेको र मेलमिलापको विषय बनाउन नहुनेमा समेत सो बनाई सत्य निरुपण एवं मेलमिलापको अङ्ग बनाइएको देखिएकाले सो कानूनसंगत नभएकाले व्यक्ति बेपत्ता सम्बन्धी विषय प्रस्तुत अध्यादेशमा समावेश भएका जति व्यवस्थाहरू संविधान, कानून र यस अदालतबाट प्रतिपादित कानूनी सिद्धान्त प्रतिकुल देखिएकाले उत्प्रेषणको आदेशले उक्त व्यवस्था अमान्य भई अध्यादेशबाट हटाउनु पर्ने र यथावस्थामा अध्यादेश कार्यान्वयन गर्न गराउन नमिल्ने ठहर्छ। उपर्युक्तानुसार बलपूर्वक व्यक्ति बेपत्ता पार्ने कार्यको छानबिन गर्न संविधान कानून एवं यस अदालतबाट राजेन्द्र ढकालको मुद्दामा भएको निर्णय एवं प्रतिपादित कानूनी सिद्धान्त बमोजिमसमेत छुट्टै छानबिन आयोग गठन गर्न आवश्यक कानूनी व्यवस्था सहित अविलम्ब अर्को अध्यादेश जारी गर्न

वा जो चाहिने प्रबन्ध गर्नु भनी नेपाल सरकारको नाममा परमादेश जारी हुने ठहर्छ भन्ने आदेश भएको देखिन्छ।

३५. माधव कुमार बस्नेत निवेदक रहेको रिट निवेदनका सन्दर्भमा भएको आदेशमा संक्रमणकालीन न्यायका सम्बन्धमा विचार गर्नुपर्ने चरणबद्ध विविध पक्षहरूको बारेमा उल्लेख गरिएको छ। संक्रमणकालीन न्यायमा द्वन्दकालका घटनाहरूको समग्रतामा मुल्याङ्कन गरी रणनीतिक उपचार गर्ने दृष्टिकोण लिइन्छ त्यसैले अपराध अनुसन्धान र अभियोजन, सत्य अन्वेषण (Truth Seeking), परिपूरण (Reparation), संस्थागत सूधार (Institutional Reform), परीक्षण (Vetting) लगायतका विविध पक्षहरू चरणबद्ध रुपमा विचार गर्नुपर्ने हुन्छ। ती सबै कामहरूमा चुस्तता वा प्रभावकारिता सुनिश्चित गर्ने कानूनहरू, सीपहरू र संस्थागत क्षमताहरू विद्यमान हुनु जरुरी छ। द्वन्दकालमा भइरहेका मानवीय कानून विरुद्धका वा मानव अधिकारका गम्भीर कसूरहरू रोक्ने, ती कसूरहरू दोहोरिन नदिने पीडितमा सुरक्षा र आत्मसम्मानको भाव उद्बोध गराउने, घटनावलीको यथार्थ अभिलेख राख्ने, राष्ट्रिय मेलमिलापको वातावरण बनाउने र कानूनी राज्यको पुनर्स्थापना गर्ने, अन्ततः शान्ति बहालीको मार्गमा योगदान पुर्‍याउने नै संक्रमणकालीन न्यायका मुख्य अभिष्टहरू हुन्। ...विवादित अध्यादेशमा प्रयोग भएको सशस्त्र द्वन्दको क्रममा भन्ने प्रयोग गरिएको भए पनि सो शब्दले द्वन्दको अवधिमा भएका सम्पूर्ण कुराहरूलाई समेट्न सक्ने देखिदैन। द्वन्दसँग सम्बन्धित घटनालाई मात्रै प्रस्तुत शब्दले सम्बोधन गर्न सक्ने देखिन्छ। यस्तो अवस्थामा अरू कुराका हकमा प्रचलित कानूनले नै सम्बोधन गर्नुपर्छ। द्वन्द भनेको जुन कारणले विगतमा द्वन्द भएको हो त्यो बुझ्नु पर्छ। द्वन्दको कालखण्ड भित्र जुनसुकै गैरराजनीतिक प्रकृतिको अपराध भएकोमा पनि द्वन्दको नाममा त्यसलाई उन्मुक्ति दिन सक्ने देखिदैन। तत्काल घटित अपराधहरूका सम्बन्धमा तत्कालको परिस्थितिले अनुसन्धान हुन नसकेको भए पनि फौजदारी कानूनले उन्मुक्ति दिएको वा समर्पण गरेको मान्न सकिदैन। अपराधको राजनीतिकरण व्यापक रूपमा भएकाले व्यवस्थापनको हिसाबले त्यसको सम्बोधन गर्न जटिल भएको देखिन्छ। द्वन्दकाल भनेको द्वन्द चालु रहेको अवस्थाको काललाई जनाउने शब्द हो। द्वन्दकालमा घटित हरेक घटना वा वारदात द्वन्दको क्रममा घटित वारदात हुन्छ भन्न मिल्दैन। द्वन्दकालमा द्वन्दसँग राजनीतिक रुपले सम्बद्ध भएको घटना र अपराधिक रुपले गरेको कसूरको कार्यलाई एकै ठाउँमा राखेर हेर्न मिल्दैन। द्वन्दकालमा भएको विशुद्ध

कसूरजन्य कार्यलाई द्वन्दको क्रममा भएको घटना भन्न मिल्दैन र प्रचलित फौजदारी कानूनले सम्बोधन गर्नुपर्ने हुन्छ। द्वन्दसँग सम्बन्धित रहेको देखिएमा मात्रै फौजदारी कानून बाहेक वा संक्रमणकालीन अन्य उपायबाट सम्बोधन गर्न मिल्छ। विशुद्ध अपराधिक घटनाहरूलाई सत्य निरुपण तथा मेलमिलाप आयोगले सम्बोधन गर्न सक्ने कुनै सम्भावना छैन। वस्तुतः सत्य निरुपण तथा मेलमिलाप आयोग सम्बन्धी विधेयक फौजदारी न्यायको प्रतिस्थापन गर्ने कानून नभई सहायक कानून मात्र हो भन्ने बुझ्न जरूरी छ भनी उक्त आदेशमा संक्रमणकालीन न्यायको उद्देश्य प्रक्रिया एवं द्वन्दकालमा भएका घटना र द्वन्दका क्रममा भएका घटना बिचको भिन्नतालाई स्पष्ट गरिएको व्याख्याबाट यस अदालतको न्यायिक दृष्टिकोण प्रष्ट भैसकेको छ।

३६. निवेदक सुमन अधिकारीसमेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत भएको उत्प्रेषण परमादेश (ने.का.प. २०७१ नि.नं. ९३०३) मा यस अदालतबाट मिति २०७१।११।१४ मा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथ मेलमिलाप आयोग ऐन, 2071 को दफा २६(२) मा प्रयुक्त “आयोगको छानबिनबाट क्षमादान दिन पर्याप्त आधार र कारण नदेखिएका” भन्ने शव्दावली र दफा २९(१) मा प्रयुक्त “नेपाल सरकार समक्ष सिफारिस भएमा मन्त्रालयले त्यस्तो पीडक उपर मुद्दा चलाउन” भन्ने व्यवस्थाहरू बदर गरी बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा नपरेका वा परेर पनि अस्पष्ट भएका तथा संविधान, अन्तर्राष्ट्रिय मानव अधिकार कानून र मानवीय कानून समेतसँग असङ्गत भएको कारणले कार्यान्वयन गर्न नमिल्ने व्यवस्थाहरूका सम्बन्धमा उक्त रिट निवेदन र राजेन्द्र ढकाल, लिलाधर भण्डारी र माधव कुमार बस्नेतसमेत निवेदक भएका मुद्दाहरूमा यस अघि जारी गरिएका आदेश, दिइएका निर्देशन र व्याख्याहरू प्रतिकुल नहुने गरी कार्य गर्नु गराउनु भनी सम्बन्धित आयोग र नेपाल सरकारका नाममा आदेशसमेत जारी भएको देखियो।

३७. यस अदालतबाट भएका व्याख्या र जारी गरिएका आदेश तथा निर्देशनहरूको समग्रतामा हेर्दा प्रस्तुत रिट निवेदनमा जे जुन आशंका देखाएर आफूहरूको उजुरी वा निवेदनको प्रारम्भिक छानबिन नै नगरी तामेलीमा राख्ने अवस्था रहेको भन्ने उल्लेख गरिएको छ, ती अवस्थाको बारेमा यस अदालतबाट पटक पटक आदेश भैसकेको देखिन्छ। तथापि विस्तृत शान्ति सम्झौता भएको लामो समय भैसक्दा पनि सशस्त्र द्वन्दका क्रममा भएका

विभिन्न मानव अधिकार तथा मानवीय कानूनको उल्लङ्घनका घटनाबाट पीडित भएका व्यक्तिहरूले हालसम्म समुचित न्याय प्राप्त गर्न नसक्नु सन्तोषजनक विषय होइन। सशस्त्र द्वन्दको क्रममा घटित मानव अधिकारको उल्लङ्घनसँग सम्बन्धित घटनाबाट पीडितहरुको गुनासो हालसम्म पनि सुनुवाई हुन नसक्नु र सो सुनुवाई प्रक्रिया प्रति द्वन्द पीडितहरूको आशंका कायमै रहनु निश्चय पनि सुखद विषय हुन सक्तैन। यसबाट सशस्त्र द्वन्दको पीडालाई वोकेर न्यायको याचना गरिरहेका द्वन्द पीडितहरूको न्याय प्राप्त गर्ने संवैधानिक तथा कानूनी हकको उल्लङ्घन हुनुका अतिरिक्त राज्यका जिम्मेवार निकायको उदासिनता र असंवेदनशीलता भएको अवस्था रहन्छ। संक्रमणकालीन न्याय निरुपणको अभिष्ट भनेकै सत्यको अन्वेषण, पीडितलाई न्याय, पीडिकलाई सजाय, पीडितलाई परिपूरणका साथै भविष्यमा यस प्रकारका घटनाहरू नदोहोरिने सुनिश्चितताको प्रत्याभूति हो।

३८. नेपालको संविधानले धारा २० मा मौलिक हकको रुपमा प्रत्येक व्यक्तिलाई स्वतन्त्र निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाईको हक हुने व्यवस्था गरेको छ। यस अर्थमा सशस्त्र द्वन्दको क्रममा भएका घटनाबाट पीडित व्यक्तिले आफूउपर परेको द्वन्दको क्रमको घाउलाई गुनासोको रुपमा वा उजुरीको रुपमा राज्यका निकायमा पेस गरेको न्यायको आग्रहलाई सम्बन्धित निकायले सम्बोधन गर्नुपर्दछ। पीडितहरूको पीडालाई सुनी निजहरूलाई संविधानले प्रदान गरेको स्वच्छ सुनुवाईको हकको संरक्षण गर्नु राज्यको दायित्व हो। सुनुवाईको प्रक्रिया जति लम्बिदै जान्छ द्वन्द पीडितहरू उपर राज्यले नै थप अन्याय गरेको भन्ने अवस्था सिर्जना हुन्छ। संविधानको धारा २१ मा अपराध पीडितलाई आफू पीडित भएको मुद्दामा अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुने व्यवस्थाको अतिरिक्त अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनर्स्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हकलाई समेत मौलिक हकको रुपमा व्यवस्थित गरिएको सन्दर्भमा द्वन्द पीडितको विषयमा सम्बन्धित निकायमा परेका उजुरी तथा निवेदन उपर के कस्तो कारबाही, छानबिन भयो भन्ने सम्बन्धमा जानकारी पाउने र त्यस्ता पीडितलाई पुनर्स्थापना तथा क्षतिपूर्ति सहितको न्याय प्राप्त गर्ने कानूनी हकको संरक्षण गर्नु राज्यको दायित्व भित्रको विषय हो। यस्तो दायित्वबाट यो वा त्यो बाहनामा उन्मुक्ति पाउने चेष्टा गरिनु कानूनी राज्यमा सुहाउने विषय हुन सक्तैन। सशस्त्र द्वन्दको क्रममा भएको मानव अधिकार तथा मानवीय कानूनको

उल्लङ्घनबाट पीडितलाई न्याय प्रदान गर्ने प्रभावकारी माध्यमको रुपमा संक्रमणकालीन न्यायलाई अपनाइनु पर्दछ।

३९. प्रत्यर्थी आयोगमा पदाधिकारीहरू रिक्त भएको लामो समय भैसक्दा पनि सरकारले आयोगका पदाधिकारी नियुक्ति नगरेको र यस अदालतबाट विभिन्न मुद्दामा भएका आदेश तथा निर्देशन बमोजिम काम कारबाही नभएको भन्नेसमेत निवेदक तर्फबाट जिकिर लिएको देखिन्छ। प्रत्यर्थी आयोगको लिखित जवाफबाट पनि आयोगले निवेदन तथा उजुरी संकलन गर्ने काम बाहेक कुनै काम अघि बढेको भन्ने देखिन आएको छैन। यस अवस्थामा आयोगले पीडितका तर्फबाट परेको उजुरी तथा निवेदन उपर पर्याप्त छानबिन नगरी सबै निवेदन तथा उजुरी तामेलीमा राखिने हो कि भन्ने आशंका पैदा हुनु स्वाभाविक छ। नेपाल सरकारले बेपत्ता पारिएको व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, 2071 संशोधन गर्न संघीय संसदमा विधेयक पेश गरिसकेको र उक्त विधेयकमा यस अदालतबाट भएका आदेश तथा निर्देशनहरू समावेश गरिएको भन्ने जिकिर लिएको भए पनि सोको सार्थक परिणाम देखा परेको पाइएन। विस्तृत शान्ति सम्झौता भएको लामो अवधि व्यतित भई आयोग गठन भएको पनि लामै समय भइसक्दा पनि आयोगले आफ्नो उद्देश्य बमोजिम काम गर्न नसक्नु, यस अदालतबाट संक्रमणकालीन न्यायलाई टुङ्गोमा पुर्‍याउनु भनी भएका पटक पटकको आदेश कार्यान्वयनको अवस्था लगभग शुन्यको अवस्थामा रहनु कानूनी राज्यका लागि सुहाउने विषय हुनै सक्तैन।

४०. पूर्व उल्लिखित नि.नं. ९३०३ को निवेदक सुमन अधिकारी भएको रिट निवेदनका सन्दर्भमा यस अदालतबाट भएको आदेशमा जनताको हक अधिकारको रक्षा गरी न्याय गर्ने प्रयोजनका लागि अदालतबाट जारी भएको निर्णय आदेश एवं निर्देशनहरू न्यायका सर्वोपरी आवश्यकतानुरुप गरिएको हुँदा तिनको सम्मान गर्नु कानूनी राज्यको अभिन्न अङ्गको रुपमा लिनुपर्ने संवैधानिक बाध्यता पनि हो। ती निर्णय आदेश निर्देशनको उपेक्षा गरी अर्को अङ्गले बेग्लाबेग्लै वा विपरीत दिशामा हिड्ने कोसिश गर्ने हो भने कानूनी राज्य सुचारू हुन सम्भव हुदैन। यस अदालतबाट पटकपटक गम्भीर मानव अधिकार उल्लङ्घनका दोषीहरूलाई न्यायको दायरमा ल्याई पीडितलाई न्यायको महशुस गराउन र दण्डहीनताको अन्त्य गर्न राज्यको नाममा आदेश जारी भइरहने तर राज्यका जिम्मेवार निकायबाट त्यसको उपेक्षा र उल्लङ्घन गरिरहने प्रवृत्ति र संस्कृतिले विधिको शासनको

अवमूल्यन गरेको छ। दुवै आयोगहरूले काम गर्दै जाँदाको अवस्थामा समेत थप जटिलता वा द्विविधाहरू आउन सक्तछन्। यस स्थितिमा राज्यको कानूनबाट स्थापित त्यस्ता आयोगहरूले पनि संविधान, कानून, अन्तर्राष्ट्रिय मानव अधिकार कानून, मानवीय कानून तथा न्यायका मान्य सिद्धान्तहरूलाई ध्यान दिनै पर्ने हुन्छ। साथै अदालतबाट जारी भएका आदेशहरूले पनि कानून र न्यायिक मूल्यमान्यताकै स्थान लिएका हुन्छन्। त्यसैले यस्ता आदेशहरू आयोगहरूको लागि आफ्नो कार्य सञ्चालनको मार्गदर्शक सिद्धान्तका रुपमा रहन्छन् भनेरसमेत व्याख्या भएको देखिन्छ।

४१. यसरी माथिका प्रकरणहरूमा उल्लेख भएको तथ्यबाट सशस्त्र द्वन्दको क्रममा पीडित भएका व्यक्तिहरूका सम्बन्धमा तत्कालीन नेपालको अन्तरिम संविधान, २०६३ र विस्तृत शान्ति सम्झौताको मर्म र भावनालाई आत्मसात गरी सशस्त्र द्वन्दको क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरुद्धको अपराध सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण तथा छानबिन एवं सो घटनाबाट पीडित व्यक्तिलाई परिपूरण र त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीको सिफारिस गर्ने कार्य राज्य र सरकारबाट भएको अवस्था देखिएको छैन। संक्रमणकालीन न्यायलाई गन्तव्यसम्म पुऱ्याउन यस अदालतबाट विभिन्न मुद्दामा जारी भएका आदेश तथा निर्देशनसमेतको कार्यान्वयन भएको अवस्था देखिएको छैन।

४२. सशस्त्र द्वन्दको क्रममा भएका घटनाबाट पीडित भएका व्यक्तिहरूको न्याय प्राप्तिको मार्गलाई जति विलम्व गरिन्छ, यसको प्रक्रिया त्यति नै जटिल हुँदै जान्छ। संक्रमणकालीन न्याय प्राप्तिको सुनिश्चितता र प्रक्रिया जटिल हुँदै गएको यस अवस्थामा रिट निवेदकहरूले व्यक्त गरेको आशंका र चिन्ता अस्वाभाविक भन्न मिल्ने अवस्था छैन। पीडितलाई न्याय प्रदान गरी शान्ति प्रक्रिया टुङ्गोमा पुऱ्याउने कार्यमा जे जुन प्रकारको सम्बन्धित पक्षबाट उदासिनता देखाइएको छ, त्यसबाट पीडितको चिन्ता र आशंका अझ थपिने अवस्था छ। यस अवस्था प्रति यो इजलास संवेदनशील रहेको छ। नियमावलीको विवादित तामेली सम्बन्धी व्यवस्थाले संक्रमणकालीन न्यायको उद्देश्य नै समाप्त पार्ने माध्यमको रूपमा प्रयोग गरी पीडितको उजुरी उपर कारबाही नै नगरी तामेलीमा राख्न मिल्दैन। दुवै आयोगको गठनको उद्देश्य पनि त्यस्तो होइन। सशस्त्र द्वन्दको क्रममा भएका घटनासँग प्रत्यक्ष वा परोक्ष रुपमा जोडिएका पीडितको उजुरी निवेदन वा जानकारीलाई सुन्ने कार्यमा

आयोगहरु खुला र गम्भीर हुन जरुरी छ। पीडितको उजुरीको फर्स्यौट गर्ने नाममा वास्तविक घटनासँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जोडिएका विषयको छानबिन तथा अन्वेषण नै नगरी उजुरी तामेलीमा राखिने भन्ने नियमावलीको व्यवस्था पनि होइन र आयोगले त्यस्तो गर्न पनि मिल्दैन। पीडितको उजुरी फर्स्यौट गरी शुन्यमा पुर्याउने नाममा संक्रमणकालीन न्यायलाई परास्त हुने गरी उजुरी तामेलीमा राखिने भन्ने नियमावलीको नियम ७, ८ र १० को उद्देश्य र भावना नै होइन। नियमावलीमा त्यसको स्पष्ट आधार दिइएको छ। कतिपय अवस्थामा आयोगले कार्य गर्दै जादा द्विविधा हुने अवस्थामा यस अदालतबाट विभिन्न मुद्दामा मार्गदर्शनका रूपमा निर्देश गरिएको अवस्थासमेत छ। यस अवस्थामा नियमावलीमा भएको व्यस्थालाई पीडितको पीर र गुनासो सम्बोधन हुने गरी सकारात्मक रूपमा प्रयोग हुन आवश्यक छ।

४३. माथि विवेचना भएका आधारहरू, प्रचलित कानूनी व्यवस्था र यस अदालतबाट विभिन्न विवादका सन्दर्भमा भएका व्याख्यासमेतलाई दृष्टिगत गरी नेपाको संविधानको धारा १३३(२) र (३) बमोजिम देहाय बमोजिम गर्नु गराउनु भनी आदेश जारी गरिएको छ:

(क) आयोगमा प्राप्त उजुरीको छानबिन गर्दा बेपत्ता पारिएका व्यक्तिको छानबिन सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २१ तथा नियमावलीको नियम ७ बमोजिम तामेलीमा राख्नु पर्ने मनासिब अवस्था देखिन आएमा सोको वस्तुगत स्पष्ट आधार र कारण खुलाई तामेलीमा राख्नु अघि पीडित पक्षलाई आफ्नो भनाई राख्ने मौकासमेत प्रदान गरी निर्णय गर्नु भनी प्रत्यर्थी आयोगको नाममा परमादेश जारी हुने ठहर्छ।

(ख) बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगलाई पदाधिकारी विहिन अवस्थामा रहन नदिनु, यस अदालतबाट विभिन्न समयमा भएका आदेश र निर्देशनहरूको अनुशरण गरी कानूनमा संशोधन परिमार्जन गर्नु गराउनु र पीडितको पीडालाई समुचित सम्बोधन हुने गरी संक्रमणकालीन न्यायलाई अविलम्व तार्किक निष्कर्षमा पुर्याउनु भनी सबै प्रत्यर्थीहरुका नाममा परमादेश जारी हुने ठहर्छ।

## तपसिल

(१) प्रस्तुत रिट निवेदनमा परमादेश जारी हुने ठहरेकोले निवेदकहरुले रिट निवेदन दर्ता गर्दा यस अदालतमा राखेको धरौटी रकम सर्वोच्च अदालत (संवैधानिक इजलास

सञ्चालन) नियमावली, २०७२ को नियम १५(३) बमोजिम फिर्ता दिनु भनी यस अदालतको लेखा शाखालाई जानकारी दिनू।

(२) प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत प्रत्यर्थी निकायमा पठाई दिनू।

(३) आदेशको विद्‌युतीय प्रति प्रणालीमा प्रविष्ट गरी, निवेदनहरुको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

विश्वम्भरप्रसाद श्रेष्ठ

प्रधान न्यायाधीश

उक्त रायमा सहमत छौं:

| प्रकाश कुमार ढुंगाना | सपना प्रधान मल्ल | ईश्वरप्रसाद खतिवडा |
|---|---|---|
| न्यायाधीश | न्यायाधीश | न्यायाधीश |

**<u>माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराईको सहमतीय राय</u>**

४४. सहकर्मी प्रधान न्यायाधीश सहित बहुमतको रायसँग मेरो सहमति छ। तथापि प्रस्तुत विषयलाई म केही भिन्न तरिकाले राख्न र आफ्नो राय व्यक्त गर्न चाहन्छु।

४५. आज पेश हुन आएका दुईवटा रिट निवेदनमा सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगसमेतलाई विपक्षी बनाइएको छ, जसमा कुल ५२ जना निवेदकहरु संलग्न देखिन्छन्। आयोगले २०७३।१।५ देखि २०७३।४।२६ सम्म उजुरी माग गरेकोमा आफुहरुले उजुरी दिएकोमा आयोगले केही उजुरीहरु तामेलीमा राखेको र सो बारे जानकारी माग्दा नदिइएको भन्ने कुरा रिट निवेदनमा उठाइएको छ। साथै रिट निवेदनमा सत्य निरुपण तथा मेलमिलाप आयोगमा ५८,०५२ उजुरीहरु र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा २,८६४ उजुरीहरु परेको कुरा पनि उल्लेख छ। बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको लिखित जवाफ हेर्दा हालसम्म २७१ उजुरीहरु

तामेलीमा राखिएको भन्ने देखिन्छ। सत्य निरुपण तथा मेलमिलाप आयोगको लिखित जवाफ हेर्दा कति निवेदन तामेलीमा राखियो भन्ने बारे केही उल्लेख छैन तर निवेदकहरु मध्ये कतिपयले निवेदन नै नदिएको, कतिपयको मिसिल फेला नपरेको, कतिपयको निवेदन विभिन्न चरणमा रहेको, कतिपयको उजुरी सत्य निरुपण आयोगको क्षेत्राधिकार भित्र नपरी बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको क्षेत्राधिकारमा पर्ने भन्नेसमेतको कुरा उल्लेख छ। म यी उजुरीहरुका बारेमा के हुनुपर्ने हो भन्ने बारेमा पछि चर्चा गर्ने छु तर सो भन्दा पहिला संक्रमणकालीन न्यायको प्रक्रिया, सो विषयमा यस अदालतको दृष्टिकोण र सो प्रक्रिया यथार्थमा शुरु हुन नसकेबाट सिर्जित जटिलताबारेमा आफ्नो दृष्टिकोण राख्न चाहन्छु।

४६. २०५२ साल फाल्गुण १ देखि शुरु भएको १० वर्षे सशस्त्र द्वन्दको चपेटामा समस्त नेपाल नै परेको कुरा सर्वविदितै छ। २०६३ साल मंसिर ५ गते भएको विस्तृत शान्ति सम्झौताको दफा ५.२.५ मा सशस्त्र द्वन्दको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्नहरुको बारेमा सत्य अन्वेषण गर्ने र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्ने कुरा उल्लेख भए अनुरुप २०७१ सालमा निर्मित "*बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन २०७१*" (यसपछि ऐन भनिएको) मार्फत राज्यले द्वन्दको क्रममा बेपत्ता बनाइएका, मारिएका, घाइते बनाइएका र अन्य तरिकाले प्रभावित भएका व्यक्तिहरुको विषयमा सत्यको अन्वेषण गर्ने, न्याय प्रदान गर्ने र मेलमिलाप कायम गर्ने प्रतिज्ञा गरेको पाइन्छ। यद्धपि ऐनको शीर्षकमा "न्याय" शब्द परेको छैन तथापि "सत्यको अन्वेषण" र "सत्य निरुपण" शब्द भित्र न्याय पर्ने नै हुन्छ। त्यस अर्थमा सत्य निरुपण, न्याय र मेलमिलाप गरी संक्रमणकालीन न्यायका तीनवटै अन्तर्निहित तत्वहरुलाई ऐनले स्वीकार गरेको मान्नुपर्छ।

४७. वर्तमान नेपालको संविधानले अन्तरिम संविधान, २०६३ ले जस्तो सत्य निरुपण तथा मेलमिलाप आयोग बारे स्पष्ट व्यवस्था गर्ने [1] तथा विस्तृत शान्ति सम्झौतालाई संविधानको अनुसूचीमा समावेश गर्ने कार्य गरेको छैन [2] तर नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष र बलिदानलाई यसले स्मरण गरेको छ। संविधानमा स्वच्छ न्यायको हक, अपराध पीडितले अनुसन्धान कारबाहीको जानकारी

[1] हेर्नुहोस नेपालको अन्तरिम संविधान २०६३ धारा ३३(ध)

[2] ऐ.ऐ. धारा १६६(३) र अनुसूची-४

पाउने एवं क्षतिपूर्ति सहितको न्याय पाउने हक प्रत्याभूत गरिएको र विशेष गरी धारा ४२(४) मा "*जनआन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहिद परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द पीडित, विस्थापित, अपाङ्गता भएका व्यक्ति, घाइते र पीडितलाई न्याय* " को हक प्रत्याभूत गरिएबाट संक्रमणकालीन न्यायको अन्तरतत्वलाई यसले बिर्सेको भन्न मिल्ने अवस्था छैन।

४८. संविधान र कानूनको अतिरिक्त संक्रमणकालीन न्यायको सन्दर्भमा बिर्सन नमिल्ने अर्को कुरा विभिन्न मुद्दामा यस अदालतले लिएको स्पष्ट र सु-सङ्गत(Clear and consistent) धारणा पनि हो। यहाँ २०६४ साल देखि हालसम्म फैसला भएका सबै मुद्दाहरुको उल्लेखन् आवश्यक छैन तर केही प्रतिनिधित्वमूलक मुद्दाहरुमा स्थापित सिद्धान्तहरुको रोहमा हेर्दा यस अदालतले न्यायलाई राज्यको अनिवार्य दायित्वको रुपमा लिएको र स्पष्ट एवं सुसंगत विचार प्रस्तुत गरेको पाइन्छ। अदालतले द्वन्दकालमा भएको घटना परिघटनाको सन्दर्भमा तिनको अभिलेखन, सत्य अन्वेषण र सत्यको साक्षात्कार (Truth seeking and truth telling), परिपूरण, न्याय निरोपण, उद्धार र पुनर्स्थापना लगायत न्यायको व्यवस्थापनका तत्त्वहरू सम्मिलित कार्ययोजनाको तर्जुमा, कार्यान्वयन नीति र क्षमतासहित कार्यान्वयन गर्ने सिलसिलामा बेपत्ताको खोजी कार्य तथा सत्य निरूपण तथा मेलमिलापको प्रक्रियालाई हेर्नुपर्ने भन्ने दृष्टिकोण लिएको छ। अदालतले हरेक फौजदारी कसुरको अनुसन्धान गरी स्वच्छ र वैध अभियोजन गर्नु र न्यायको अन्तिम बिन्दुमा पुऱ्याउनु, कानून कार्यान्वयन निकायका आधारभूत उत्तरदायित्वका कुराहरू हुन् भनेको छ। कुनै कारण पनि न्यायको मार्ग अवरुद्ध हुन नहुने र जनतालाई उपाय विहिन अवस्थामा छाड्न नहुने अदालतको स्पष्ट अडान छ[3]। न्यायको सर्वोपरि आवश्यकतालाई महसुस गरी न्यायलाई कानूनी राज्यको धर्म निर्वाहको अभिन्न अङ्गको रूपमा लिइनु पर्ने कुरालाई अदातलले औंल्याएको छ। "लोकतान्त्रिक राज्यको आधार नै न्याय हुँदा न्यायका मुल्य मान्यताबाट लोकतान्त्रिक सरकार विमुख हुन सक्दैन"[4] भन्ने अदालतको स्पष्ट मत छ। यहि कारणले गर्दा नै अदालतले जथाभावी मुद्दा फिर्ता लिने कुरालाई अस्वीकार गरेको छ।[5] सत्य निरुपण तथा मेलमिलाप आयोगकै सन्दर्भमा पनि अभियोग नै नलगाई कसुर

---

[3] माधव कुमार बस्नेतसमेत विरुद्ध अध्यक्ष अन्तरिम चुनावी मन्त्रिपरिषदसमेत ने.का.प. २०७० अङ्क ९ नि.नं. ९०५१

[4] सुमन अधिकारीसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद सचिवालयसमेत ने.का.प. २०७१ अङ्क १२ नि.नं. ९३०३

[5] नेपाल सरकार विरुद्ध गगनदेव रायसमेत २०६१ सालको फौ.पु.नं. ३३०२ आदेश मिति २०६५।९।२९

कायम नै नगरी आम माफी दिएसरह क्षमादान गर्ने कुरा उचित र आवश्यक हुँदैन भन्ने पनि औल्याएको छ[6]। यद्धपि संक्रमणकालीन न्यायको एउटै मोडल त छैन तथापि विश्वभर स्वीकारिएका न्याय र अधिकारका मूल्यमान्यताको प्रयोग र पालना भिन्न तरिकाबाट गर्न खोज्ने सोच स्वीकार योग्य हुदैन। द्वन्दको असरले पीडित बन्न पुगेको समाजको ठुलो वर्गले उपेक्षित र अन्यायको महसुस गरिरहने अवस्था कायम गर्न खोज्नु उचित होइन। द्वन्दका असर र प्रभावहरूलाई सही रूपमा उजागर नगर्नु तथा तिनको न्यायोचित सम्बोधन गर्न नसक्नुले द्वन्द पुनरावृत्ति हुने अवस्थालाई टेवा प्रदान गर्दछ भन्ने पनि अदालतको मत छ। प्रस्तुत रिट निवेदनको निरुपणको क्रममा यस अदालतबाट राखिएको न्याय सम्बन्धी उपर्युक्त धारणाहरुलाई कदापि बिर्सन मिल्दैन।

४९. प्रस्तुत निवेदनमा आयोग समक्ष परेका उजुरीहरु तामेलीमा राखिएको विषयलाई निवेदकहरुले न्यायबाट बञ्चित गरिने कदमको रुपमा लिएको अवस्था छ। अर्थात सारमा निवेदकहरुको मुख्य चासो न्याय नै देखिन्छ। पीडितले माग्ने मुख्य कुरा न्याय नै हो; न्यायकै क्रममा सत्यको अन्वेषण, उत्खनन् र स्वीकारोक्ति, सजाय र परिपूरणका कुरा उठ्ने हुन्। निवेदकहरुलाई जानकारी नदिई गरिएको तामेलीबाट सो हक हनन् हुन जाने स्थिति पर्‍यो भन्ने निवेदकहरुको जिकिर छ। सो कुरा भन्ने क्रममा वहाँहरुले सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ तथा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग नियमावली, २०७२ को नियम ७, ८ र १० का व्यवस्थाहरु ऐनको दफा २१ सँग बाझिएको जिकिर पनि गर्नु भएको छ। ऐनको दफा २१ को व्यवस्थाको कार्यान्वयनको लागि ल्याइएको भनिएको नियमावलीको नियम ७, ८ र १० को उल्लेखन् बहुमतको रायमा भएकै छ। नियमका ती व्यवस्थाहरु ऐनको व्यवस्था विपरीत छैनन् भन्ने कुरामा म बहुमतसँगै भएकोले ती व्यवस्थाहरुको पुनः उल्लेखन जरुरी देखेको छैन। यहाँ प्रश्न ऐन वा नियमको व्यवस्थाको असङ्गतता भन्दा पनि तिनको प्रयोगमा रहनुपर्ने विवेकसम्मतता हो भन्ने मलाई लाग्छ। उदाहरणको लागि, ऐनको दफा २१ मा आयोगमा प्राप्त भएको उजुरी वा जानकारी छानबिन गर्दा कारवाही चलाउन पर्याप्त आधार नभएमा आयोगले कारण खुलाई त्यस्तो उजुरी तामेलीमा राख्न सक्ने र त्यस्तो उजुरीको सम्बन्धमा कारबाही गर्नुपर्ने विषयमा पछि प्रमाण प्राप्त भएमा आयोगले सो उजुरी उपर छानबिन गर्न सक्ने व्यवस्था रहेको देखिन्छ। उक्त व्यवस्थाको रोहबाट हेर्दा नै प्रथमतः

[6] सुमन अधिकारीसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद सचिवालयसमेत ने.का.प. २०७१ अङ्क १२ नि.नं. ९३०३

आयोग उजुरीबाट मात्र क्रियाशील हुने संस्था नभै आफुलाई प्राप्त कुनै पनि जानकारीबाट समेत क्रियाशील हुने संस्था देखिन्छ। अर्थात यो क्रियाशील हुन उजुरी नै चाहिदैन, द्वन्दको स्थितिमा कतिपय अवस्थामा पीडितको सुरक्षाको कारण उजुरी नपर्न पनि सक्छ। जहाँ द्वन्दको पक्ष सत्तामा रहन्छ, उसँग हुने धन र बलको शक्तिको प्रचुरताको कारण ती सम्भावनाहरुलाई नकार्न पनि सकिँदैन। दोस्रो, सो दफामा "छानबिन" भन्ने शब्द परेको छ। छानबिन गर्दा घटना के हो, पीडित को हो, पीडितले के भन्न खोजेको हो, सो कुरा द्वन्दसँग सम्बन्धित हो वा होइन भनी बुझ्नु पर्ने हुन्छ। यस्तोमा पीडितको कुरा सुन्दै नसुनी, उसले के भन्न खोजेको हो बुझ्दै नबुझी, कतै आफ्नो कुरा सहि ढङ्गले राख्न नसकेको अवस्था पो छ कि भन्ने हेर्दै नहेरी, कतै तिथि मिति पो फरक परेको छ कि सो नजाँची उजुरी तामेलीमा राख्ने कुरा ऐनको व्यवस्था अनुकुल हुँदैन। यहाँ मेरो जोड के मात्र हो भने दोष ऐन वा नियमको व्यवस्थाको होइन, ती व्यवस्थाहरुलाई आयोगका पदाधिकारीहरुले कसरी हेर्छन् वा हेरेका छन् भन्ने हो। उदाहरणको लागि, नियम ७ कै कुरा गरौँ- नियम ७ को देहाय (ख) मा सशस्त्र द्वन्दसँग असम्बन्धित देखिन आएका उजुरी तथा सो अवधिमा मानव अधिकारको गम्भीर उल्लङ्घन भएतापनि सशस्त्र द्वन्दसँग असम्बन्धित देखिन आएका उजुरी तामेलीमा राख्ने कुरा परेको छ। यहाँ प्रश्न उठछ, कुनै उजुरी सशस्त्र द्वन्दसँग सम्बन्धित वा असम्बन्धित कसरी देखिन्छ? देखिने वा नदेखिने कुराले खोजबिन, सोधपुछ वा छानबिन आवश्यक देखाउदैन? यस्तोमा न्युनतम पनि सम्बन्धित उजुरकर्तालाई बुझ्नुपर्दैन? उसको कुरा सुन्नु पर्दैन? उसलाई आफ्ना कुरा थप स्पष्ट गर्ने अवसर प्रदान गर्नु पर्दैन? यी सबै प्रश्नहरुको जवाफ विपक्षीहरुको लिखित जवाफमा भेटिँदैन। ऐनको दफा २(ञ) मा "मानव अधिकारको गम्भीर उल्लङ्घन" भन्ने शब्दावलीको परिभाषा गरिएको छ। उक्त परिभाषा भित्र जे जस्ता कसुरहरुलाई राखी एवं मानव अधिकार उल्लङ्घनको व्यापक दायरालाई समेटी अन्तर्राष्ट्रिय मानव अधिकार वा मानवीय कानून विपरीत गरिएका जुनसुकै किसिमका अमानवीय कार्य वा मानवता विरुद्धको अन्य अपराधलाई समेटिएको छ त्यसले उजुरी हेर्ने खुला मन र गहिरो दृष्टिकोण खोज्छ। दफा २(ञ)मा गरिएको "मानव अधिकारको गम्भीर उल्लङ्घन" को परिभाषा भित्र नअटाउने भन्दा अटाउने कुराहरु धैरै छन्। यो कुरा आयोगले राम्रोसँग बुझ्नुपर्छ। ऐनले कोरेको व्यापक दायराको परिप्रेक्षमा आयोग उजुरीहरुबारे संवेदनशील हुन जरुरी देखिन्छ। एकातर्फ आयोग उजुरी बेगर पनि क्रियाशील

हुन सक्ने भन्ने अर्कोतर्फ उजुरकर्तालाई सोध्दै नसोधी बुझ्दै नबुझी उजुरी तामेलीमा राख्ने, यो कुरा नत ऐनको व्यवस्था नत न्यायको उद्‍देश्यसँग मेल खान्छ। यदि गल्तिले उजुरी तामेलीमा राखेको रहेछ भने पनि नियम ८ अन्तर्गत ठोस सबुत प्रमाण सहित निवेदन दिएमा आयोगले जगाउन सकिहाल्छ नि भन्ने कसै कसैलाई लाग्न सक्छ। विपक्षीहरुको लिखित जवाफ पढ्दा त्यस्तै सोच राखिएको पो हो कि भन्ने भान पर्छ। यदि त्यसो हो भने त्यस्तो सोच खोटपूर्ण मात्र होइन अविवेकी र अन्यायपूर्णसमेत हुन्छ। एकातर्फ १० वर्ष लामो सशस्त्र द्‍वन्द, त्यसमाथि ऐन जारी हुन, आयोग बन्न र आयोगले उजुरी आव्हान गर्न लगाएको समय बिचमा परेको लामो अन्तराल छ, त्यसमाथि पीडितहरुको जातीय, वर्गीय, क्षेत्रीय तथा बसोबासको कारण सृजित विषम परिस्थिति, प्रमाण नस्ट हुने, सम्झना खलबलिने वा मधुरो हुँदै जाने, उत्साह हराउने, निराशाले आशालाई जित्ने, आयोगसम्म आउन वा सम्पर्क गर्न वा आफ्नो कुरा राम्रोसँग भन्न नसक्ने परिस्थिति पनि छ; यी कुराहरुलाई विचारै नगरी नियम ७ को गल्ति नियम ८ ले सच्याउन सक्छ भन्नु असंवेदनशीलताको पराकाष्ठा हुन्छ भन्ने मलाई लाग्छ। न्यायले संवेदनहीनता र उदासिनतालाई दुत्कार्छ। यस्तो प्रवृत्ति संविधान प्रदत्त न्याय सम्बन्धी हकको विरुद्‍ध हुन्छ। त्यसैले यो नियम ७ वा ८ को व्यवस्थाको खोट वा विधिसम्मताको प्रश्न होइन। यो त यी व्यवस्थाहरुको ब्याख्या हुनुपर्ने संवेदनशीलताको अभावको कुरा हो भन्ने स्पष्ट बुझ्न जरुरी छ।

५०. यसै क्रममा संक्रमणकालीन न्यायको प्रक्रिया जुन विस्तृत शान्ति सम्झौता भए पश्चात सुरु भई छोटो अवधिमा नै समाप्त हुनुपर्ने थियो सो नै हुन सकेको छैन, २०७१ सालमा जारी भएको ऐनका त्रुटिहरु सच्याउन यस अदालतबाट सुमन अधिकारीको रिट निवेदनमा निर्णय भएको पनि करिब १० वर्ष भैसकेको छ[7] तर अझै पनि ऐनको संशोधन कहिले हुन्छ र ऐन अन्तर्गत गरिनुपर्ने कामहरु यथार्थमा कहिले शुरु हुन्छन् यकिन भन्न सकिने अवस्था छैन। त्यसमाथि द्‍वन्दको पक्ष वा सत्तामोहको कारण स्वार्थ जोडिनेहरुले सत्ताको अट्‍टालिकाबाट गर्ने उपेक्षायुक्त ब्यवहारको बिचमा यहाँ उजुरीहरु तामेलीमा राख्ने जुन कार्यहरु भएको छ यसबाट पीडितहरु उपायविहिन रुपमा छाडिने अवस्था परेको छ। ऐनमा संशोधन भई निष्पक्ष र सर्वस्वीकार्य आयोग वनिनसकेको स्थितिमा यहाँ उजुरीहरु तामेलीमा राख्ने जुन कार्य गरिएको छ सो काम सक्ने वा काम गरेको देखाउने हिसाबले

[7] सो रिट निवेदनमा मिति २०७१।११।१४ मा यस अदालतबाट निर्णय भएको छ।

भएको रहेछ भन्नुपर्ने अवस्था छ। यस्तो गरिदा न्याय मर्छ; न्याय मर्ने कुरालाई अदालतले कुनै तरहले स्वीकार गर्न सक्दैन। संक्रमणकालीन न्यायको विषयलाई न्यायपालिकाले गम्भीरतापूर्वक हेरिरहेको कुरालाई आयोगका पदाधिकारीहरुले बुझ्न र मनन् गर्न जरुरी छ।

५१. सत्यको अन्वेषण, न्याय र मेलमिलापको जिम्मेदारी बोकेका निकायहरुले सहि तरिकाबाट कार्य नगर्दा अनावश्यक जटिलता सिर्जना हुन्छ। समयको अन्तरालसँगै कतिपय पीडितहरु मर्छन्, हराउँछन, न्याय खोज्ने उत्साह मर्छ, पीडा र छटपटि बढ्छ, प्रमाण मात्र होइन जीवनको लय नै हराउछ, अन्याय सहने बानी पर्न जान्छ, राज्यका निकायहरु प्रति घोर अनास्था पैदा हुन्छ भने पीडक पक्षमा उल्झन सिर्जना गर्दा हुने रहेछ, केहि नहुने रहेछ भन्ने भाव परी दण्डहीनतामा रमाउने प्रवृत्ति हावी हुँदै जान्छ भने द्वन्दसँग नजोडिएका अन्य पक्षहरु सत्ताको मोलमलाईमा क्षमादान र माफीलाई प्रधानता दिन थाल्छन्। न्याय मर्ने वा निरिह बन्दै जाने, दण्डहीनता मौलाउने कुराले समाजमा जटिलता थप्छ। विस्तृत शान्ति सम्झौता भएको पनि १८ वर्ष भन्दा बढि भैसकेको परिस्थितिमा यो अन्यौलको तत्काल अन्त्य हुनुपर्छ र सत्यको अन्वेषण र न्यायले तत्काल प्राथमिकता पाउनुपर्छ भन्ने मेरो दृढ मत छ। यी थप विचारहरुका साथ म सहकर्मीहरुले जारी गर्नुभएको आदेशसँग आफ्नो सहमति रहेको हुँदा सोही बमोजिम गर्न आदेश गर्दछु।

आनन्दमोहन भट्टराई

न्यायाधीश

इजलास अधिकृत: राजेन्द्र पौडेल

कम्प्युटर अपरेटरः हर्क माया राई

**इति संवत् २०80 साल पौष ४ गते रोज 4 शुभम् ...........................................।**